जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक ३, २०८० साल वैशाख १५ गते शुक्रबार, नेपाल संवत् ११४३ (April. 28, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


## निर्माण व्यवसायी कारबाहीमा

काठमाडौं । सरकारले ३३ निर्माण व्यवसायीहरूको इजाजतपत्र खारेज गरेको छ । सार्वजनिक निर्माणको प्रयोजनका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट इजाजतपत्र लिएका व्यवसायीहरूले नवीकरण नगरेकाले उनीहरूको इजाजतपत्र खारेज गरिएको हो ।

मन्त्रालयको निर्माण व्यवसाय प्रवर्द्धन शाखाले आज एक सूचना प्रकाशित गरी इजाजतपत्र लिएका व्यवसायीहरूले निर्माण व्यवसाय ऐन, २०५५ को दफा ५ को उपदफा ३ बमोजिम आर्थिक वर्ष २०७९/८० का लागि २०७९ चैत्र मसान्तसम्म निर्माण व्यवसाय **बाँकी ८ पेजमा**

## विद्यालयमा राजनीतिक गतिविधि गर्न नपाइने

काठमाडौं । काठमाडौं महानगरपालिकाले विद्यालय हाताभित्र राजनीतिक गतिबिधी तथा कार्यक्रम आयोजना गर्न दिने प्रधानाध्यापक माथि कारबाही गर्ने जनाएको छ । महानगरपालिकाले आफू मातहतका सबै विद्यालयहरूलाई परिपत्र गर्दै त्यस्तो कार्यक्रम गर्न अनुमति दिने प्रधानाध्यापकलाई बिभागिय कारबाही गर्नेसम्मको चेतावनी दिएको हो ।

महानगरपालिकाका शिक्षा अधिकारी, सिताराम कोइरालाका अनुसार विद्यालय हाता भित्र अझै पनि राजनीतिक **बाँकी ८ पेजमा**

# विशाल नेपाल आन्दोलन महाअभियानमा रूपान्तरण






काठमाडौं । ग्रेटर नेपाल अभियानलाई अघि बढाइरहेका विभिन्न संघसंस्था तथा स्वतन्त्र व्यक्तिहरूको बृहत भेलाले ग्रेटर नेपाल अभियानका प्रथम अभियन्ता सुरेन्द्र ढकालको संयोजकत्वमा २३ सदस्यीय 'विशाल नेपाल महाअभियान' को तदर्थ समिति गठन गरेको छ । नयाँ बानेश्वरस्थित बासमती भान्साघरमा वैशाख ९ गते शनिबार ग्रेटर नेपाल अभियानलाई आआफ्नै ठाउँदेखि सञ्चालन गर्दै आएका नेपाली राष्ट्रियता, देशभक्तिप्रति प्रतिबद्ध संघसंस्था, स्वतन्त्र व्यक्ति तथा विभिन्न राजनीतिक दलमा आबद्ध व्यक्तिहरूको भेला सुरेन्द्र ढकालको अध्यक्षतामा औपचारिक बैठकमा रुपान्तरण भएको थियो । भेलामा उपस्थित भएका २९ जना सहभागीहरूले पालैपालो आफ्नो अवधारणा प्रस्तुत गरेका थिए ।

बैठकको अध्यक्षता गरिरहनुभएका अभियन्ता सुरेन्द्र ढकालले 'विशाल नेपाल विशाल मोर्चा' नामको अवधारणा प्रस्तुत गर्नुभएको थियो । ढकालले प्रस्तुत गर्नुभएको अवधारणा पत्रमाथि सहभागीहरूबीच बृहत छलफल चलाइएको थियो । छलफलमा भाग लिने अधिकांश सहभागीले विशाल नेपाल जस्तो ठूलो अभियान ससाना टुक्रामा छरिएर आआफ्नो ढंगले सञ्चालन गर्दा प्रभावकारी नहुने भएकाले विशाल मोर्चा निर्माण गरेर अघि बढ्नु आवश्यक रहेको धारणा प्रस्तुत गरेका थिए ।

अवधारणा पत्रका प्रस्तुतकर्ता तथा बैठकका अध्यक्ष ढकालले राजनीतिलाई मागी खाने भाँडो बनाएर वडा सदस्यदेखि राष्ट्रपतिसम्म भत्ता खाने ठूलो जमात खडा गरेर देश लुटेका कारण आर्थिक रुपले मुलुक टाट पल्टिएको बताउनुभयो । पञ्चायतकालमा रहेका प्रतिव्यक्ति १७ हजार ऋणको भार अहिले प्रतिव्यक्ति ६७ हजार पुगिसकेको र कर्मचारीलाई तलब खुवाउन समेत आन्तरिक राजस्वले नथेग्ने भएपछि विदेशीसँग लम्पसार परेर मुलुक चलाउने अवस्था आएको भन्दै अब सबै खाले विकृति, विसंगति, आर्थिक अनुशासन र राष्ट्रियताको लागि लड्न ग्रेटर नेपाल पक्षधरहरूको साझा मोर्चाको खाँचो रहेको बताउनुभयो ।

व्यक्तिवादी र टुक्रे संस्थाले संघीन बन्दै गएको राष्ट्रियताको रक्षा गरेर ग्रेटर नेपालको अभियान अगाडि बढ्न नसक्ने भएकाले छरिएर रहेको देशभक्तहरूको शक्ति महाअभियानमा रुपान्तरण हुन जरुरी रहेको उहाँको धारणा थियो । चार जना साथीहरू मिलेर आफूले २०४७ सालमा सुरु गरेको ग्रेटर नेपाल अभियान देश विदेश सबैतिर बस्ने नेपालीबीच चासोको विषय भए पनि यसलाई समेटेर एउटा विशाल शक्तिका रुपमा विस्तार गरेर **बाँकी ८ पेजमा**

## सुरेन्द्र ढकालद्वारा भेलामा प्रस्तुत अवधारणा पत्र

वि.सं. २०४७ सालको नेपालको संविधानले नेपाली जनतालाई इतिहासमा प्रथम पटक सार्वभौमसत्ता सम्पन्न बनाएपश्चात् विशाल नेपाल कमिटी गठन गरी हामीले विशाल नेपालको अभियानको सुरुवात गरेका थियौं । त्यतिखेर हामी ४ जना थियौं । हामीले काठमाडौंमा रहेका सबै विदेशी दुतावासहरूलाई विशाल नेपालको अभियान सुरु गरेको बारे लिखित जानकारी गराउँदै उक्त भूमि सुगौली सन्धि, अन्तर्राष्ट्रिय कानुन, इण्डियन इण्डिपेन्डेन्स एक्ट र नेपाल भारतबीच सम्पन्न भएको सन १९५० को सन्धिको आधारमा नेपालमा भएको र सो भूमि प्राप्त गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जनमत निर्माण गर्ने अभियानको उद्देश्य बताएका थियौं ।

विशाल नेपाल **बाँकी ८ पेजमा**

## भारतमा माओवादी हिंसा

काठमाडौं । भारतमा सन् १९६० देखि चलेको माओवादी सशस्त्र आन्दोलन र यसबाट हुने हिंसामा पछिल्लो समय उल्लेखनीय कमी आएको थियो ।

भारतको मध्य छत्तीसगढ राज्यमा बुधबार प्रहरीको गाडीले जमिनमुनि बिछ्याइएको विस्फोटक पदार्थलाई ठक्कर दिँदा त्यसमा सवार १० जना प्रहरी र गाडीचालकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीले उक्त घटनामा सन् १९६० को दशकमा सुरु भएको माओवादी विद्रोहीको संलग्नताको आशंका गरेको छ । भारतमा सन् १९६० देखि चलेको माओवादी सशस्त्र आन्दोलनका कारण त्यसपछिका दशकमा हजारौं मानिसको ज्यान गएको भए पनि हालैका वर्षमा हिंसामा उल्लेखनीय कमी आएको **बाँकी ८ पेजमा**

## मालेले सम्झ्यो : कम्युनिस्ट आन्दोलन र लेनिनलाई

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टीको ७५ औं स्थापना दिवस एवं लेनिनको १५४ औं स्मृति दिवस २२ अप्रिलका दिन नेकपा माले वाग्मती प्रदेश कमिटीले प्रवचन कार्यक्रमको आयोजना गर्‍यो ।

पार्टी केन्द्रीय कार्यालय रातो पुलमा आयोजित सो प्रवचन कार्यक्रममा माले नेताहरूले नेपाली कम्युनिस्ट आन्दोलन र लेनिनको देन र उनको व्यक्तित्वबारे चर्चा गरे । नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको यतिका वर्ष बितिसक्दा पनि नेपाली समाजको रुपान्तरण हुन किन सकेन ? किन कम्युनिस्टहरू गोलबन्द हुन सकेनन् ? नौलो जनवादी क्रान्तिको कार्यभार किन पूरा हुन सकेन ? कम्युनिस्ट आन्दोलन किन सुस्ताउँदै गएको छ ? कम्युनिस्टप्रतिको जनाकर्षण खस्किनुका कारणहरू के के हुन् ? सरकारमा गएर पनि कम्युनिस्टहरूले आर्थिक समृद्धिको खाका कोर्न किन सकेनन् ? नेपाली कम्युनिस्टहरूले



लिनुपर्ने आर्थिक मोडल कस्तो हुनुपर्छ ? जस्ता गम्भीर विषयहरूमा विभिन्न माले नेताहरूले आफ्ना धारणाहरू सुनाए । मार्क्सवादलाई व्यवहारमा उतार्ने लेनिनकै मुलुकमा कम्युनिस्ट शासन प्रणाली ढल्नुका कारणहरूबारे पनि वक्ताहरूले आआफ्नो बुझाइ अभिव्यक्त गरे ।

माले महासचिव सीपी मैनाली, स्थायी कमिटी, पोलिटब्युरो एवं केन्द्रीय कमिटीका सदस्यहरू लगायत विभिन्न पेसागत वर्गीय संगठनहरूका पदाधिकारीहरूको उपस्थिति रहेको सो कार्यक्रममा केन्द्रीय सदस्य आरएस तिम्सिनाले स्वागत मन्तव्य राख्दै लेनिनले **बाँकी ८ पेजमा**

## स्वास्थ्यकर्मीले तलब पाएनन्

काठमाडौं । वीर अस्पतालमा कार्यरत नर्स तथा डाक्टरले तीन महिनादेखि तलब पाएका छैनन् । कोरोना महामारी र डेंगुको प्रकोपमा करारमा नियुक्त गरिएका डाक्टर, नर्स, सरसफाइकर्मी र सुरक्षाकर्मी गरी २७६ जनाले तलब पाउन सकेका छैनन् ।

कोरोना महामारीमा करार नियुक्ति पाएकी नर्स वर्षा घिमिरे तीन महिनादेखि तलब नपाउँदा समस्या भएको बताउँछिन् । दिनरात नभनी काममा खटिँदासमेत तलब नै नपाएपछि काम गर्ने जोसजाँगर कम हुँदै गएको उनले सुनाइन् ।

अस्पतालले कोरोना महामारी र डेंगु प्रकोपताका नियुक्ति पाएका सबै नर्स र डाक्टरलाई तलबसँगै ५० प्रतिशत भत्ता दिने भनिए पनि तीन महिनाअघिसम्म तलबमात्रै दिएको उनको भनाइ छ । तर अहिले तलबसमेत आउन छोडेको उनले बताइन् ।

अस्पतालले आइतबारसम्म तलब उपलब्ध नगराए आन्दोलनमा उत्रिने उनीहरूले चेतावनी दिएका छन् । वीर अस्पतालमा करारका स्वास्थ्यकर्मी, **बाँकी ८ पेजमा**

## अलपत्र योजनाहरूको चाङ

काठमाडौं । सडक पूर्वाधारमा महालेखापरीक्षकले बर्सेनि बेथिति औंल्याउने गरेको छ । तर अपेक्षाकृत रूपमा सुधार देखिनु परको कुरा, बेथिति झन्-झन् थपिँदै गएको छ । वर्षौंदेखि ठेक्का भएका सडक अनि पुलको भुक्तानी भए पनि प्रगति बढ्न सकेको छैन । ९-९ पटक म्याद थप्दा पनि सडक अनि पुल सम्पन्न हुन सकेका छैनन् ।

महालेखापरीक्षकको कार्यालयले बिहीबार सार्वजनिक गरेको आर्थिक वर्ष ०७८/७९ को ६० औं वार्षिक प्रतिवेदनअनुसार सडक पूर्वाधारका १९८ ठेक्का ९ पटक म्याद थप्दा अझै पूरा हुन सकेका छैनन् । सडक विभागअन्तर्गत २४ डिभिजन तथा योजना कार्यालयले २८ अर्ब ८२ करोड ६५ लाख रुपैयाँको खरिद सम्झौता गरेका उक्त ठेक्कामा ७ अर्ब ३८ करोड ११ लाख रुपैयाँ भुक्तानी भइसकेको छ । तर काम अधुरै रहेको प्रतिवेदनमा उल्लेख छ ।

अधुरा ठेक्काको **बाँकी ८ पेजमा**

## हटाइँदै दशगजा क्षेत्रको अतिक्रमण

काठमाडौं । कञ्चनपुरस्थित नेपाल-भारत सीमाको दशगजा क्षेत्रमा रहेको अतिक्रमण हटाउन थालिएको छ । दोधारा चाँदनी नगरपालिकाअन्तर्गत नेपाल-भारत सीमाको अतिक्रमण हटाएर दशगजा क्षेत्र खाली गर्न थालिएको हो ।

भारतसँग सीमा जोडिएको दोधारा चाँदनी-३ बडुवाल टोलबाट दशगजा क्षेत्रको अतिक्रमण हटाउन थालिएको नगर प्रमुख किशोर लिम्बूले जानकारी दिनुभयो । "दशगजा क्षेत्रको अतिक्रमण खाली गराउने काम सुरु भएको छ, पहिलो दिन डेढ किलोमिटर क्षेत्र खाली गराएका छौं", उहाँले भन्नुभयो, "यो **बाँकी ८ पेजमा**

## भारतले हेपाहा प्रवृत्ति देखायो : ओली



काठमाडौं । नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पशुपतिनगरस्थित नेपाल-भारत सीमा क्षेत्रमा भारतले हेपाहा प्रवृत्ति देखाएको बताएका छन् । उनले दशजगा मिचेर भारतले प्रहरी पोस्ट सञ्चालन गरेको र सीमाका नेपालीमाथि बेलाबेलामा भारतीय सुरक्षाकर्मीबाट थिचोमिचोपूर्ण व्यवहार भएको बताएका छन् ।

पशुपतिनगरस्थित सीमा क्षेत्र बुधबार निरीक्षण गरेपछि **बाँकी ८ पेजमा**

## रोकियो एसएसपी बढुवा

काठमाडौं । वैशाख ६ मा गृह मन्त्रालयले नेपाल प्रहरीका १३ जना प्रहरी वरिष्ठ उपरीक्षकलाई नायव महानिरीक्षकमा बढुवा गर्ने निर्णय गरेको थियो । सो निर्णयसँगै प्रहरीमा १८ जना प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) को पद रिक्त छ । तर, गृह मन्त्रालयको बढुवा समितिले सिफारिस सूची प्रकाशन गर्न सकेको छैन ।

डिआइजी बढुवाको निर्णय भएपछि एसएसपी राजेन्द्र सिंह खड्काले वैशाख १० मा अवकाश पाएका छन् । उमेर हदका कारण प्रहरी वरिष्ठ **बाँकी ८ पेजमा**

## खुला सिमानाले निम्त्याएका समस्याहरू

**समय सन्दर्भ**

**बुद्धिनारायण श्रेष्ठ**

विश्वका विभिन्न देशहरूले आफ्ना छिमेकी मुलुकहरूसँग विभिन्न सीमा पद्धति अपनाएको पाइन्छ । कुनै देशहरूले एक आपसमा खुला सीमा राखेका हुन्छन् भने अन्य कसै कसैले बन्द सीमाको परिपाटी पनि अवलम्बन गरेका हुन्छन् । तर संसारका धेरैजसो राष्ट्रहरूले नियन्त्रित सीमा प्रथा अपनाएको पाइन्छ । कुनै जमानामा पश्चिम र पूर्व जर्मनीको निश्चित सीमारेखामा बन्द सीमा व्यवस्था भएकाले छिमेकी मुलुक जान तेस्रो देश भएर जानुपर्थ्यो । भारत र पाकिस्तानबीच नियन्त्रित सीमाप्रथा छ भने नेपाल र भारतका बीच भने सामान्यता खुला सिमाना पद्धति रहेको छ ।

नेपाल र भारतको सिमानाबारे अर्को वाक्यमा भन्नुपर्दा बृहत परिप्रेक्ष्यमा यहाँ खुला सिमाना छ तर कुनै सेक्टरलाई इंगित गर्नुपर्दा त्यस क्षेत्रमा नियन्त्रित या बन्द सिमाना रहेको छ र कतिपय सेग्मेन्टमा




धमिलो सिमाना रहेको छ र अझ कतिपय नाकामा खोटा सिमाना रहेको पनि भेटिन्छ ।

खुला सिमाना कहाँ छ भन्नुपर्दा अधिकांश सीमारेखा खुला रहेकाले सर्वसाधारणले जाने बुझेकै र अनुभव गरेकै कुरा हो । तर बन्द या नियन्त्रित सिमाना खोज्नुपर्दा कालापानी लिम्पियाधुरा क्षेत्रमा भेट्टाइन्छ । कालापानी जाने नेपालीलाई पासपोर्ट या सरकारी तवरमा प्रदान गरिएको परिचय पत्र चाहिन्छ र उनले प्रवेश आज्ञाको रुपमा परमिट पत्र प्राप्त गर्नुपर्छ नत्र जान निषेधित छ ।

नेपाली विद्यार्थी तथा पत्रकारहरू लङमार्च गरी त्यहाँ जाँदा बन्द सिमाना पद्धति अवलम्बन गरियो । त्यस क्षेत्रमा बकाइदा काँडेतार लगाएर जसरी भारत र पाकिस्तानका बीच ठाउँ ठाउँमा काँडेतार युक्त सीमारेखा रहेको छ । यस्तै नेपालका बहालवाला दुई मन्त्रीहरूले (परराष्ट्र र जलस्रोत) २०५६ सालमा कालापानी जाने कार्यक्रम निश्चित गर्दा भारतको अनुमति नपाई कार्यक्रम नै स्थगित गर्नुपर्‍यो । नेपालीहरू भारतको अन्य जुनसुकै भाग तथा सहरमा जान भारतको अनुमति चाहिँदैन तर हाम्रा मन्त्रीहरूले अफिसियल हैसियतमा पंचेश्वर कालापानी जलाधार क्षेत्र अध्ययन गर्न आफ्नै देशको भूभागमा पर्ने कालापानी जान पाएनन् ।

साँच्चै हाम्रा मन्त्रीहरूले कालापानी जाने आँट तत्काल गर्न सकेनन्, सायद भारतले सम्पूर्ण नेपाललाई नुनतेल पठाउन रोकिदिन्छ भनेर होला । अर्को कुरा २०४५।४६ सालमा करिब चौध महिना जति भारत नेपालका बीच भारतले नियन्त्रित सीमा पद्धति लागू गरेको थियो । त्यसबेला पनि नेपाली जजीवन चलेकै थियो तर कति भने सजिलो तरिकाले या अलि कसिलो तवरले भन्ने मात्र थियो । नेपाल र भारतका बीच खुला सीमाबाहेक अर्को विकल्प छैन भन्ने सोचाइलाई छोटोमोटो चुनौती यो उदाहरण दिएको मानिन्छ ।

नेपाल भारत सीमाको कतिपय ठाउँमा धमिलो सिमाना पनि भेटिन्छ । धमिलो भन्नाले सीमारेखा यो हो कि त्यो हो अर्थात् यो हुन सक्छ त्यो पनि हुन सक्छ । एक पक्षले यो हो भन्ने गरेका छन् भने अर्को पक्षले त्यो हो त भन्छन् । उदाहरणका लागि मोरङ जिल्लाको **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# उपचुनावले सिकाएको पाठ

उपचुनावको परिणाम र त्यसमा पनि विशेष गरी स्वर्णिम वाग्ले र रवि लामिछानेको विजयलाई लिएर विभिन्न प्रतिक्रिया सुन्न पाइएको छ । मूलधारे मिडिया र सोसल मिडियाका टिप्पणी रोचक छन् । तिनले नेपालको समसामयिक राजनीतिबारे धेरै कुरा बोलेका छन् । जसले जानीजानी चोट लगाउँछ उसैबाट औषधिको अपेक्षा गर्नु व्यवहारिक होइन । नेपालको अहिलेको अवस्थालाई खराब मान्ने हो भने यसको अपजस प्रस्ट रूपमा कांग्रेस, एमाले वा माओवादी पार्टीमा जान्छ । उनीहरूको अकर्मण्यता माफ गर्न योग्य छैन । उनीहरूलाई जनताको पिरमर्का र अपेक्षाबारे अवगत हुँदाहुँदै पनि व्यक्तिगत र दलीय स्वार्थलाई सर्वोपरी मानेर देशलाई यो अवस्थामा पुऱ्याएका हुन् । देश तथा जनताको बृहत् स्वार्थमा काम गर्न यी दलहरू सक्षम छैनन् भन्ने पटकपटक प्रमाणित भएको छ । त्यसैले, यस चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टीको विजयबाट पुराना राजनीतिक दलमा व्यापक सुधार होला भनेर अपेक्षा गर्न सकिन्न । राष्ट्रिय स्वतन्त्र पार्टीको लोकप्रियता अब केही समय नेपाली राजनीतिको केन्□विन्दुमा रहनेछ । अबदेखि मानिसहरूले कांग्रेस, एमाले वा माओवादी पार्टीले के भने वा के गरे भन्नेमा होइन, राष्ट्रिय स्वतन्त्र पार्टी र त्यसमा पनि रवि लामिछानेले के भने वा के गरे भन्नेमा बढी चासो दिनेछन् । यो चासो रास्वपाका लागि भारी होला, तर यसले नेपालको राजनीतिमा एउटा नयाँ गतिशीलता र फरकपन भने अवश्य ल्याउने छ ।

नेपालमा असफल भएका राजनीतिक दलमात्र होइनन् - बृहत् नेपाली समाज समग्र रूपमा असफल भएको छ । अर्थतन्त्र धराशायी अवस्थामा छ । सार्वजनिक संस्थाहरू सेवा प्रवाहमा असफल सिद्ध भएका छन् । भ्रष्टाचार र कमिशनखोरी गहिरिएको छ । राज्यका विभिन्न निकाय (अदालत, सेना, कर्मचारीतन्त्र, आदि) दलीय प्रभावमा परेर भ्रष्ट र निकम्मा भएका छन् । त्यसैले आम मानिसमा निराशा र छटपटीले सीमा नाघेको छ । यस्तो छटपटीका बेला भएको निर्वाचनको परिणाममा मानिसले विकल्प रोज्नु अस्वाभाविक होइन । राष्ट्रिय स्वतन्त्र पार्टीप्रतिको आम अभिरूचि र सम्मान उधुमै छ । धेरैका लागि यो अत्यासलाग्दो होला - तर यो अस्वाभाविक भने होइन । प्रचलित संरचना र पद्दतिविरूद्ध वि□ह गर्ने मानिसको स्वभाव हो । पुराना राजनीतिक दलको अकर्मण्यताबाट आजित भएका आम मानिसले रवीन□ मिश्र, बालेन शाह वा ज्ञानेन□ शाहीलाई ठूलो सम्मान दिएको हामीले देखेका छौँ । विगत आम निर्वाचनमा कतिले राजेन□ लिङ्देनले नियमित राजनीतिको विकल्प देलान् भनेर पनि आश गरे र प्रजातन्त्र पार्टीका उम्मेदवारहरूलाई जिताए । पुराना दलको अकर्मण्यताको विकल्प खोज्ने आम मानिसको यस्तो चाहनालाई गलत भन्न मिल्दैन ।

विकल्पका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीसँग नेपालको असफलतालाई राम्रोसँग बुझ्ने र यसको समाधानका लागि काम गर्ने क्षमता होला त ? अहिलेको मूलभूत प्रश्न यही हो । यसका लागि उल्लेख्य जनादेश पाएको यस पार्टीले भविष्यमा के गर्छ भनेर पर्खिनुपर्ने हुन्छ । जसरी बालेन शाह, हर्क साम्पाङ् वा ज्ञानेन□ शाहीले आफ्नो औचित्य प्रमाणित गर्ने अवसर पाएका छन्, त्यसैगरी रवि लामिछाने वा स्वर्णिम वाग्लेले पनि जनप्रतिनिधिको भूमिका निर्वाह गर्ने अवसर पाउनुपर्छ । हामीले आशा गर्ने के हो भने उनीहरू बालेन शाह वा हर्क साम्पाङ्ग भन्दा फरक होलान् र आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्लान् । नेपालक समृद्धि मौलिक, प्रभावकारी र रैथाने ज्ञानमा आधारित हुनुपर्छ । त्यो समृद्धि दिगो हुनसक्छ र त्यसले नेपाललाई आत्मनिर्भर बनाउनेछ ।

यस उपचुनावमा तनहुँ र चितवनका मतदाता मात्र नभएर समग्र देशका सर्वसाधारण मानिसले आशा र सम्भावनाका रूपमा हेरेका रवि लामिछाने र स्वर्णिम वाग्लेले जे-जस्तो दृष्टिकोण बोकेका छन् र त्यसलाई प्रस्तुत गरेका छन्, त्यसले आम जनतालाई केही न केही आशावादी बनाएको छ । स्वर्णिम वाग्लेले बुझेको नेपालको समस्या र यसको समाधान काँचो र सतही छ । उनी यस हिसाबमा भाग्यमानी छन् कि लोलोपोतोबाट माथि उठेर उनका सतही बुझाइमाथि प्रश्न उठाउन साहस गर्ने मानिस नेपालमा छैनन् । एउटा देश असफल हुँदैछ भने त्यसका कारण बहुआयामिक हुन्छन् । बहुआयामिक समस्यासँग जुध्न प्रणालीगतगत चिन्तन त चाहिन्छ नै सँगसँगै विभिन्न व्यक्ति, समूह, पक्षबिच सहकार्य र समन्वय पनि चाहिन्छ । अहिले अनुपयोगी सिद्ध भइसकेको आधुनिक अर्थशास्त्रीय हिसाबकिताबबाट नेपाल समृद्ध हुन सम्भव छैन । नेपालक समृद्धि मौलिक, वातावरणीय हिसाबले प्रभावकारी र रैथाने ज्ञानमा आधारित हुनुपर्छ । त्यो समृद्धि दिगो हुनसक्छ र त्यसले नेपाललाई आत्मनिर्भर बनाउनेछ । यस निर्वाचनले मानिसमा उत्साह र आशाको सञ्चार गरेको छ । यो खुशीको कुरा हो । यसमा सबैको सार्थक सहभागिता आवश्यक पर्छ ।

# फेरि पनि मुतकै न्यानो हुन सक्छ



**सुरेन्द्र ढकाल**

पहिलो संविधानसभाको चुनावमा माओवादीहरूलाई ठूलो दल बनाएर सरकारमा जनताले ल्याएकै हुन्, देशमा आमूल परिवर्तन होला भनेर खै के नापियो ? नेताहरू संभ्रान्त भए जनता जस्ताको तस्तै । यसपालि रविको दललाई जनताले विकल्पको रुपमा खडा गरेका छन् । यी पनि जुन जोगी आए पनि कानै चिरेको हुन वेर छैन किनकी यिनीहरूले पनि निम्नानुसारको काम गरेर देखाउलान् भनेर विश्वासै गर्न सकिंदैन ।

१) भारतीय दादागिरीले सीमा नाघेको छ । हुँदा हुँदा नेपालले आफ्नो जग्गामा बिजुली पोल गाड्न सुरु गर्दा समेत भारतीय सीमा सुरक्षा बलले रोक लगाएको छ । सीमा मिच्नु, नेपाली भूमिलाई जलमग्न गराउनु, नेपाल भित्र पसी निर्दोष नेपाली जनतालाई मार्नु, राष्ट्रवादी नेपालीलाई भारतीय जेलमा कैद गर्नु, टिस्टा काँगडालाई आफ्नो उपनिवेश बनाइरहनु त छँदै थियो । के भारतको अगाडि लम्पसार पर्ने संस्कृतिमा रविको दलले परिवर्तन ल्याउन सडक र संसदबाट प्रयास गर्ला ? गरे त राम्रै हुन्छ होइन भने भारतीय गुप्तचर संस्था रअको नयाँ एजेन्टको पगरी गुँथ्ने छ ।

२) नेपालमा अहिलेसम्म आएका सबै सरकार एक चीन नीति भन्दै अमेरिकी शैलीमा चीनलाई मुर्ख बनाइरहेका छन् । अमेरिका एक चीन नीति भन्छ तर ऊ ताइवान स्वतन्त्र देश हो भन्दै त्यसको प्रतिरक्षा गर्छ । नेपाल सरकार एक चीन नीति भन्छ तर तिब्बती शरणार्थीहरूलाई खुलेआम चीन विरोधी गतिविधि नेपालमा संचालन गर्न दिन्छ । एक चीन नीति हो भने भुटानी शरणार्थीहरूलाई जस्तै गरी नेपालमा भएका तिब्बती शरणार्थीहरूलाई अमेरिका र क्यानडा पठाउन नेपाल सरकार किन पहल गर्दैन ? किनकी यो अमेरिकी गुप्तचर संस्था सिआईएका एजेन्ट को सरकार हो । रविको दलले साँच्चै एक चीन नीति भन्दै तिब्बतीहरूलाई नेपालबाट कि तिब्बत, कि अमेरिका, कि क्यानडा अनि कि त धर्मशाला भारत फिर्ता पठाउन आवाज बुलन्द गरे त राम्रै हुन्छ, साँच्चैको राष्ट्रवादी रहेछ भनौला गरेन भने सिआईएको नयाँ एजेन्टको पगरी गुँथ्ने छ ।

३) २०४७ पछि मन्त्री, प्रधानमन्त्री, अनि २०६३ सालपछि राष्ट्रपति उपराष्ट्रपति बनेका सबैको सम्पत्तीको स्रोत खोज्ने हो भने कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारीबाहेक झण्डै सबै दलका सबै नेताहरूलाई भ्रष्टाचार र कमिसनको आरोपमा जेलमा कोच्न सकिन्छ । यस्ता दलले नेतृत्व गरेको सरकारमा सामेल हुन चाहेर के रविको दलले देशलाई भ्रष्टाचार मुक्त गर्न सक्छ ? अवश्यै सक्दैन । बरु उल्टो भ्रष्टाचारमा रविको दल डाइलुट हुन पुगी नयाँ भ्रष्टाचारीको पगरी गुँथ्ने छ ।


४) नेपालमा उत्पादन हुने तरकारी फलफूल बजार नपाएर कुहिने तर भारतीय विषादीयुक्त तरकारी फलफूलले नेपाल ब्याप्त हुने, नेपालले झण्डै सबैजसो कुराहरू भारतबाट आयात गर्नुपर्ने तर नेपाली वस्तु भारतमा निर्यात गर्न खोज्दा भारतले झमेला निकालेको कारण नेपालको भारतसँगको व्यापार घाटा कहालीलाग्दो छ । के रविको दलले स्वदेशी उत्पादनको प्रयोग अनि बजारीकरणको पक्षमा आवाज बुलन्द गर्न सक्छ ? सके त राम्रै हो राष्ट्रवादी रहेछ भन्लान् नसके नयाँ जोगीको पगरी गुँथ्ने छ ।

५) नेपालमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रुपमा २४औं घन्टा उपयोग नहुँदा नहुँदै विदेशी ऋण काढेर भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमान बनेका छन् । भारतले आवश्यक रुट नदिँदा यी विमानस्थलहरूले विजिनेश पाउन नसकी नेपाल ऋणको पासो पर्ने सम्भावना हुँदाहुँदै अदालतले अन्तरिम आदेश गरी काम अगाडि नबढाउनु भनेको निजगढ विमानस्थल शिलान्यास गर्छु भन्दै प्रधानमन्त्री प्रचण्ड कुर्लिरहेका छन् । पृथ्वी बढी ताती भएको जलवायु परिवर्तनको कारण नेपाली हिमाली क्षेत्रको मरुभूमीकरण तीव्र भएको छ भने पानी पर्ने बेलामा नपर्ने, नपर्ने बेलामा पर्ने कारण कृषि तहसनहस भइरहेको छ । ८० लाख बोटविरुवा काटी, लाखौं पशुपंक्षीको वासस्थान नाश गरी बनाउने भनिएको निजगढ विमानस्थल रोक्ने आन्दोलनको रविको दलले नेतृत्व लिन सक्छ ? सके त राम्रै भो रविको दल वातावरणमैत्री रहेछ भनौला नसके के भन्ने ? के को पगरी गुँथाउने ?













६) देशको संघीयता स्वदेशी कमाइले धान्न नसकिने कुरा प्रस्ट भैसक्यो । सरकार कर्मचारीको तलव दिन नसक्ने अवस्थामा आइसक्यो । करारका कर्मचारी हटाउने मात्रै होइन प्रहरीको तलव र शिक्षकहरूको पेन्सन पनि दिन नसक्ने अवस्थामा सरकार पुगिसक्यो ।

अब राष्ट्रपतिदेखी वडा सदस्यले पाउने भत्ता सुविधा नकाट्ने हो भने संघीयता चल्ने आर्थिक आधार देखिदैन । ऋण काटेर तलव खुवाउने ? अहिले नै हरेक नेपालीको टाउकोमा ६८ हजारको ऋणको बोझ परिसक्यो । के रविको दलले सरकारबाट पाउने सबै सुविधा त्यागी त्यस आन्दोलनलाई अघि बढाउन सक्छ ? सके त राम्रै भो रविको दल सादगी पनि रहेछ भनौला अन्यथा नसक्दा देशको लागि बोझ सुविधा भोगीको पगरी गुँथ्ने छ । त्यसकारण अहिले रविको दलले जित्यो अब नेपाल बन्ने भयो भन्ने सपना नदेखौं, रवि र उसको दलको उदय नेपाली जनताको लागि फेरि पनि मुतकै न्यानो हुन सक्छ ।

# अति राजनीतिकरण दुर्भाग्यपूर्ण


**■ अनिल पाण्डे**

विगत दुई महिनादेखि 'छक्कापञ्जा-४' चलिरहेको छ । बहुचर्चित एक्सन हिन्दी फिल्म 'पठान' सँगसँगै लागेर पनि नेपाली फिल्म 'छक्कापञ्जा- ४' ले हच्किनु परेन । 'पठान' उत्रियो तर यसले अझै दर्शकको माया पाइरहेको छ । यसमा एक सन्दर्भ छ- राजनीतिक चलखेल गर्ने कामचोर प्रशासक पिटिएको । प्रशासनिक कर्मचारीले अनेक झमेला सिर्जना गरेर राजनीतिक दलका नेतालाई मतदाता जनताबाट लज्जित हुनुपर्ने अवस्था आउने गरेको प्रसंग पनि चलचित्रमा छ । राजनीतिक दलमा परिवारवाद कति सशक्त ढंगले लिसोझैं टाँसिएको छ, त्यो सन्दर्भ पनि चलचित्रमा देखिन्छ । दर्शकहरूले चलचित्रको कथालाई तीतो यथार्थ ठानेका छन्, महिनौंदेखि निरन्तर हेरिरहेका छन् ।

वास्तविकता के देखियो भने, सबैतिर दलीयकरण र अति राजनीतिकरण मुलुक र समाजको प्रगतिका लागि सशक्त बाधक रहेछ । राज्यले गठन गर्ने सानो कमिटीमा पनि प्रमुख राजनीतिक दललाई नै भाग बाँड्नुपर्ने, आयोग, प्रतिष्ठान र संगठनहरूमा राजनीतिक दलभन्दा बाहिरबाट कसैले अवसर नपाउने । प्राविधिक रुपले दक्ष र बौद्धिकतामा प्रखर र अनुभवमा अग्रणी व्यक्ति पनि ठूला राजनीतिक दलको छाप बोकेर हिंडेको छैन भने राजकीय संरचनाले नपत्याउने ।

राजनीतिक दलबाट बनेका मन्त्रीले नेतृत्व गर्ने मन्त्रालयहरूमा राजनीतिक दल हाबी हुनु स्वाभाविक हो भन्ने तर्क गर्नु विडम्बनाको विषय भएको छ । केही समययता बहुदलीय व्यवस्थामा सबैतिर दलको प्रभाव देखिन्छ नै भनेर कुतर्क गर्ने रोग फैलिएको छ । स्थायी सरकार मानिएको प्रशासन दलीय राजनीतिले चिराचिरा परेको छ । हुँदाहुँदा सेना-प्रहरीजस्ता निकायका प्रमुखमा पनि राजनीतिक दलको छाप देखाउँदै पदासीन हुनुपर्ने दुर्भाग्य बढेको छ । खासगरी नेपाल प्रहरी र सशस्त्र प्रहरीजस्ता निकायको प्रमुख बन्नका लागि सत्ताधारी दललाई करोडौंको चन्दा चढाउनुपर्ने बाध्यताले भ्रष्टाचारको आगोमा पेट्रोल छर्किने काम गरेको छ ।

अति दलीय राजनीतिकरणका




कारण मुलुक स्वाभिमानी नेपालीका लागि बस्नलायक हुनछोडेको छ । कि त कुनै पनि दलको भ्रष्टाचार, परिवारवाद र अनियमितताको दास बन, चन्दा अनुसारको कुनै पद पाऊ र संघीय लोकतान्त्रिक गणतन्त्रको 'लाभ' उठाऊ, होइन भने मातृभूमिलाई त्याग, सक्छौं भने युरोप-अमेरिका, अष्ट्रेलिया, जापान आदि विकसित मुलुकतिर लाग, सक्दैनौं भने पनि मुलुकमा चाहिं नबस, कि त खाडी मुलुकतिर लाग कि त मलेसियाको टिकट काट मजदुरी गर्न । यसरी मुलुक देशभक्तहरूको मरुभूमिकरण बन्दैछ । सत्ताको रस चुस्नेहरू मुलुकमा बस्ने, चुस्न नपाउनेहरू विदेश पलायन हुने अवस्था छ । सत्ताको रस चुस्नेहरूलाई पनि नेपालको व्यवस्था र राजनीतिक दलका नेताहरूसँग कुनै भरपर्दो आश देखिन्न । यदि उनीहरूबाट मुलुकको भविष्य उज्ज्वल हुनसक्छ, विकास सम्भव छ भन्ने लागेको भए आज उनीहरूकै छोराछोरी पिआर र ग्रिनकार्डका लागि विकसित मुलुकमा लामबद्ध देखिने थिएनन् ।

विज्ञ, व्यावसायिक, क्षमतावान व्यक्तिहरूको समूह तथा राज्यको स्थायी संयन्त्र हो प्रशासन । यसै कारणले सरकारी नीति निर्माण कार्यान्वयनमा प्रशासनिक संयन्त्रको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस क्षेत्रलाई दलीय राजनीतिको गोटी बनाउनु मुलुमै धमिरा लगाउनु हो । प्रशासन निर्वाचित सरकार वा राजनीति र सेवाग्राही वा जनताबीचको साँघु हो । नदीमाथिको साँघु तटस्थ, स्वस्थ र सबल हुनुपर्छ । रोजेको मान्छे आउँदा तार्ने, मन नपरेको आउँदा नदीमा छोडिदिने गर्नु दुर्भाग्यपूर्ण हुन्छ । वस्तुतः प्रशासनिक संयन्त्र जति प्रभावकारी हुन्छ त्यत्तिनै सरकार र जनताबीचको सम्बन्ध असल हुनेगर्दछ । यही असल सम्बन्धले नै सरकारको दिगोपनाको सुनिश्चितता गर्नेगर्दछ । मुलुकको विकास सम्भव हुन्छ । मुलुकप्रतिको आस्था बढेर आउँछ । वस्तुतः प्रशासन र कर्मचारीतन्त्र राज्य संयन्त्रको त्यस्तो महत्वपूर्ण अंग हो जो प्रतिस्पर्धात्मक तवरबाट छानिएर आएको हुन्छ, हुनुपर्छ । उनीहरूको कार्य शर्त, कार्य अवधि र सेवाका अन्य शर्तहरू सम्बन्धित कानुनबाट निर्देशित हुनेगर्दछन् । निश्चित पद सोपानमा आधारित नियन्त्रण र आदेशको श्रृंखला भएको र नियममा आधारित निष्पक्ष कार्यशैली अपनाउने, विज्ञतामा आधारित जनशक्ति र संगठनात्मक संरचनायुक्त, व्यावसायिक तथा उत्तरदायित्व बोकेको संरचना प्रशासन हो । यस्तो संरचनालाई सत्तामा पुगेका राजनीतिक दलको नेतृत्वले गुलाम सरह आफ्नो पिछलग्गु बनाएको छ । 'नत्र यस महँगीमा पार्टी कसरी चलाउनु' भन्दै दुवै हातले दोहन गर्नेगरेको छ । यही नै मुलुकमा भ्रष्टाचार, अनियमितता र बेथितिको आधारभूत कारण बनेको छ ।

दलीय स्वार्थ र आर्थिक प्रलोभन मुलुकमा संस्कारका रुपमा विकसित भएको छ । सन्दुक रोइत, महावीर पुनःजस्ता विज्ञ उत्पादन गर्न र उनीहरूको संरक्षणमा राजनीतिक दलका सरकारहरूले कहिल्यै ध्यान दिएनन् । उनीहरूलाई आजसम्म जति पहिचान प्राप्त भएको छ, त्यो सबै अन्तर्राष्ट्रिय समुदायबाट नै प्राप्त भएको हो । यस्ता व्यक्तिहरू सरकारको आँखामा कहिल्यै किन पर्दैनन् भने उनीहरूसँग कुनै पनि दलको छाप छैन । सबै राजनीतिक दलहरू करिब-करिब समान स्तरका भ्रष्ट, अविवेकी र पाखण्डी भएका कारण यस्ता विज्ञ नागरिकले उनीहरूलाई छनोटमा लिन पनि सक्तैनन् । दलहरूलाई पनि मुखले आम नागरिकको हितको कुरा गरे पनि व्यवहारले कार्यकर्ता र चन्दादाताको मात्र ख्याल राखे पुगेको छ । अति सर्वत्र वर्जयत् भनिन्छ, दलीय राजनीतिकरण अतिभयो । सयमा सुधार हुनैपर्छ । अन्यथा, विदेशी शक्तिको पराधीनताले छिटै मुलुकको घाँटी समाउने छ ।

# हाम्रो सामाजिक सक्रियता

## श्री रत्न पुस्तकालय बानेश्वर तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

**परिचय**

रत्न पुस्तकालय काठमाडौं महानगरपालिका वडा नं १० मा रहेको सामाजिक संस्था हो। यो २०१९ सालमा स्थापना, २०२६ सालमा शिक्षा मन्त्रालय र हाल जिल्ला प्रशासन कार्यालयमा काठमाडौंमा दर्ता भई स्थायी लेखा नं ६०१२४४३८४ प्राप्त वैधानिक सामाजिक संस्था हो।

**पृष्ठभूमि**

बानेश्वरमा २००९ सालमा स्थापित प्रकाश पुस्तकालयपछि विकास पुस्तकालयमा परिणत हुँदै श्री ५ रत्नराज्य मिडिल स्कुल २०१९ सालमा स्थापना भएपछि त्यही सालमा रत्न पुस्तकालय सार्वजनिक हुन आएको हो। यो पुस्तकालयले बानेश्वरमा रहेका जनतालाई पठन कार्यमा सहयोग गर्दै आएको छ। पुस्तकालय दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्म खुल्छ।

यस पुस्तकालयमा १२००० पुस्तकहरू छन्। काठमाडौंबाट प्रकाशित हुने दैनिक, साप्ताहिक, अर्धमासिक, मासिक, द्वैमासिक, त्रैमासिक अर्धवार्षिक र वार्षिक समाचार तथा साहित्यिक पत्रिकाहरू नियमित रुपमा यस पुस्तकालयमा आउने गर्दछ। पाठकहरू पुस्तकभन्दा पनि यस्ता पत्रपत्रिकाहरू पढन पुस्तकालयमा आउने गर्दछन्। पुस्तकालयको आफ्नै ४ तले भवन रहेको छ।

**कानुनी स्वरूप**

नेपाल सरकारबाट २०७०।१।१६ मा संस्था दर्ता भई दर्ता नं ९७८ अनुरुप कानुनी मान्यता प्राप्त गरेको अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित एवं संगठित संस्थाको हैसियतमा रही समाज उपयोगी क्रियाकलाप संचालन गर्दै आएको यस पुस्तकालयमा ११ जनाको कार्यसमिति रहेको र हरेक ३।३ वर्षमा विधानअनुरुप नयाँ कार्यसमितिको चयन हुने गर्दछ। पुस्तकालयको हालको कार्यसमिति देहाय बमोजिमको रहेको छ :

अध्यक्ष शशिविक्रम राणा, उपाध्यक्ष वसन्तप्रसाद पराजुली, सचिव प्रकाश आचार्य, सहसचिव शकुन्तला पोखरेल, कोषाध्यक्ष शंकरप्रसाद पौडेल, सदस्यहरूमा कृष्णबहादुर हमाल, उपेन्द्रप्रसाद अर्याल, माधवप्रसाद लामिछाने, यशोधा उपाध्याय, धनन्जय पौडेल, प्रभा बुढाथोकी र कार्यालय सचिव नारायण भट्ट रहनुभएको छ।

**पुस्तकालयको परिलक्ष्य**

राष्ट्रियस्तरमा नै शिक्षा, साहित्य, कला, संस्कृति, संचार र सामाजिक सेवाको विकासमा योगदान पुऱ्याउनु।

**उद्देश्य**

सबैमा साक्षरता बढाउने, पठन संस्कृतिको विकास गर्ने, सूचना समाचारको उपलब्धता गराउने, साहित्यकारहरूलाई सम्मान गर्ने, साहित्यिक माहोल तैयार गर्ने र साहित्यिक गतिविधिहरूमा सकृय हुने।

**संस्थाको क्रियाकलाप**

रत्न पुस्तकालय हाताभित्र महाकवि देवकोटा, इतिहास शिरोमणी बाबुराम आचार्य, कवि तथा साहित्यकारहरू धरणीधर कोइराला, चित्तधर ह्रदय, पहलमानसिंह स्वाँर, भूपि शेरचन, विष्णुदेवी वाइवा (पारिजात) को अर्धकदको सालिक स्थापना गरिएको छ। महाकवि लक्ष्मीप्रसाद देवकोटा जन्मेको लक्ष्मीपूजाको दिन पुस्तकालयको वार्षिकोत्सव मनाइन्छ। त्यस दिन रक्तदान कार्यक्रम, पूजा स्मारिका विमोचन, ज्येष्ठ सदस्य सम्मानलगायत अन्य विविध सम्मान तथा पुरस्कार वितरणजस्ता कार्यक्रमहरू भव्य रुपमा संचालन हुन्छन्। नयाँ वर्ष, भानुजयन्ती, राष्ट्रिय पुस्तकालय दिवस, पृथ्वी जयन्ती, गुरुपूर्णिमा, श्री पञ्चमी आदि कार्यक्रमहरू पनि नियमित रुपमा यस पुस्तकालयमा संचालन गरिन्छ।

**महाकवि देवकोटा अक्षयकोष स्थापना**

यस कोषमा हाल २५ लाख रहेको छ। साहित्यकार, कलाकार, संस्कृतिविद् आदिलाई कडा रोग लागेमा यस कोषबाट राहत प्रदान गर्ने गरिन्छ।

**महाकवि देवकोटा रक्तकोष**

यस कोषले वार्षिक २ पटक रक्तदान कार्यक्रम संचालन गरी ब्लडबैंकमार्फत रगत आवश्यक बिरामीहरूलाई सहयोग गर्ने गर्दछ।

**देवकोटा अर्वुद रोग चेतना समिति**

यस समितिले अर्वुद रोग र अन्य कडा रोगहरूसम्बन्धी अन्तर्क्रिया गर्ने, समयसमयमा स्वास्थ्य परीक्षण गराउने र उपचार गर्न सहयोग गर्ने गर्दछ।

**संस्थाको आर्थिक स्थिति**

यस पुस्तकालयले आफ्नो भवनको तल्लो तलाको ३ वटा सटरहरू भाडामा लगाएको छ। दाताहरू, वित्तीय संस्थाहरू, महानगरपालिका, वडा कार्यालय, प्रदेश र संघीय सरकार आदिहरूबाट समय समयमा आर्थिक सहयोग प्राप्त गरी आवश्यक भवन निर्माण, कम्प्युटर, ल्यापटप, फर्निचरको व्यवस्था, आवश्यक पुस्तक खरिदजस्ता विभिन्न विविध कार्यक्रमहरू संचालन हुने गर्दछन्।

**पुस्तकालयका विभिन्न पुरस्कार कोषहरू**

बानेश्वर निवासी स्वर्गीय युद्धगम्भीर सिंह जि.सिको नाममा उहाँकी छोरी रचना जि.सी. (शशिकला) ले युवा रत्न पुरस्कार कोष स्थापना गरी बानेश्वर निवासी ४० वर्ष उमेर पुगेका युवाहरूलाई विशेष उल्लेखनीय कार्य गरेवापत वार्षिक रु १०००० को नगद पुरस्कार र सम्मानपत्र प्रदान गर्ने गरिएको छ। बानेश्वर निवासी कौशलनाथ भट्टराईले आफ्ना मातापिताको नाममा 'श्री रत्न पुस्तकालय विन्दु केदार पुरस्कार २०७७' स्थापना गरी कामनपा वडा नं १० निवासी ज्येष्ठ नागरिक १ जना, श्री रत्नराज्य मा.वि को उत्कृष्ट शिक्षक १ जना र त्यसै विद्यालयका विद्यार्थीहरूबीच साहित्यिक प्रतियोगिता गराइ प्रथम, द्वितीय र तृतीय हुने ३ जनालाई नगद पुरस्कारसहित सम्मानपत्र प्रदान गर्ने व्यवस्था गरिदिनुभएको छ।

पुस्तकालयबाट पुस्तक लगी नियमित रुपमा पढ्ने पाठकहरूमध्ये वर्षभरिमा सबैभन्दा बढी पुस्तक पढ्ने १ जनालाई पनि पुरस्कृत गर्ने गरिएको छ।

बानेश्वर निवासी डा. रमेशबहादुर अधिकारीले विद्यालयका विद्यार्थीहरूलाई सहयोग पुऱ्याउन र साहित्यिक प्रतियोगिता संचालन गर्नको लागि पनि एक कोषको ब्यवस्था गरिदिनुभएको छ।

बानेश्वर निवासी ईश्वरीप्रसाद भट्टराईले श्री रत्न पुस्तकालय प्रेमलता भट्टराई प्रतिभा पुरस्कार २०७९ स्थापना गरिदिनुभएको छ। उक्त पुरस्कारको रकमबाट विद्यार्थीहरूबीच साहित्यिक प्रतियोगिता गराइ पुस्तकालयमा कार्यक्रम संचालन गरिदिने ब्यवस्था गरिदिनु भएको छ।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसँग आवद्धता**


यस पुस्तकालयले विभिन्न संघसस्था, प्रतिष्ठान, निकायहरूको सहयोग पाइरहेको छ। त्यसै गरी महाकवि लक्ष्मीप्रसाद देवकोटाको नाममा एउटा पुरस्कार राख्ने सोच पुस्तकालयले बनाइरहेको थियो। महाकवि देवकोटा पुस्तकालय खोल्दा आफैं जेल परी रु १०० जरिवाना तिर्न परेको कुराको सम्झना गर्दै पुस्तकालयकर्मीलाई नै त्यस्तो पुरस्कार दिन उचित हुन्छ भनी सुरेन्द्र ढकाल प्रतिष्ठानलाई अनुरोध गर्दा त्यस प्रतिष्ठानबाट आ.व ०७९।८० देखि हरेक वर्ष रु ५०,००० (पचास हजार) हजारको रकम महाकवि देवकोटा पुस्तकालय पुरस्कारका लागि प्राप्त हुन सुरु भएको छ। सो पुरस्कार हरेक वर्ष भाद्र १५ गतेका दिन राष्ट्रिय पुस्तकालय दिवसको अवसर पारी नेपाल सरकारले उत्कृष्ट ठहराएको पुस्तकालयलाई प्रदान गरिनेछ। यसै गरी उक्त प्रतिष्ठानबाट एकपटकको लागि भनेर महाकवि लक्ष्मीप्रसाद देवकोटा अक्षय कोषमा जम्मा गर्ने गरी रु ५०००० (पचास हजार) को सहयोग प्राप्त भएको छ। उक्त प्रतिष्ठानसँग पूजा स्मारिका कोषको लागि समेत भनी थप रकमको लागि अनुरोध गरिएको छ। श्री रत्न पुस्तकालय सुरेन्द्र ढकाल प्रतिष्ठानबाट प्राप्त आर्थिक सहयोग र सल्लाह सुझावका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछ। भावी दिनहरूमा पनि श्री रत्न पुस्तकालय र सुरेन्द्र ढकाल प्रतिष्ठान हातेमालो गर्दै सामाजिक कार्य गर्न प्रतिवद्ध छ।















कथा

# चिया दिने केटी

**कुमार काफ्ले**

सडकमा कुकुरहरू भुकिरहेका थिए। कतै प्रत्येक घरमा त कतै बिराएर ऊ एकैक्षणका लागि साइकल रोक्थ्यो र बन्द पसलका सटरहरूमा , अफिस र घरका ढोकाहरूमा पत्रिका छिराइदिन्थ्यो। ग्राहक र पाठकहरूले भन्दा पहिले नै पत्रिका उसले छुन पाएपनि त्यसमा छापिएका समाचार र विचारहरू उसलाई पढ्ने फुर्सद कत्ति थिएन। बिहान पाँच नबज्दै शुरु भएको उसको यो नित्य कर्म कहिले नौं त कहिलेकाहीँ दश बजेसम्मै चल्थ्यो।

प्रायःजसो साँढे सातबजेतिर ऊ एउटा यस्तो घरमा पुग्थ्यो जहाँ उसलाई आत्मीयताका साथ चिया दिइन्थ्यो। मान्छे वास बसेपछि जस्तो भए नि घर त घरै हो नि , तर त्यो घर उसलाई बिल्कुलै फरक लाग्थ्यो। त्यस घरमा एक दम्पती र एउटी त्यस्तै पन्ध्र सोह्र वर्षकी केटी देखिन्थे। प्रायः चिया तिनै केटीले ल्याउँथिन् र उसलाई ती सोही घरकी छोरी हुन् जस्तो लाग्थ्यो। तैपनि सोधेर विश्वस्त हुन भने सकेको थिएन। हुन त ऊ यस्ता सयौं महलहरूमा पुग्छ र आफ्नो काम फत्ते गर्छ। तर अरू महल र यसमा निकै भिन्नता महशुस गर्थ्यो ऊ। सडकमा अनि बजारमा गनिनसक्नु युवतीहरू भेटिन्थे। कतिसँग त ठोकिन्थ्यो पनि। सुन्धारा, रत्नपार्क ,असन र इन्द्रचोकतिर ठेलाम् ठेल गरेर हिँडे मात्रै समयमा गन्तव्य पुग्न सकिने कुरा पनि उसलाई राम्रैसँग थाहा थियो। तर ती सब नवयौवनाहरूमा भन्दा तिनमा एकखालको आकर्षण थियो र त्यो सुगन्धित फूलमा भँवराको आकर्षण भन्दा कम्ता थिएन।

त्यसबेलाको कुरा उसले झलझली सम्झियो। क्याम्पस पढ्न भनेर गाउँबाट शहर छिरेको ऊ कामको खोजीमा भौतारिरहेको बेला स्कुल पढ्दाको साथी उद्धवको सल्लाह र सहयोगमा यो काम थालेको थियो। अझै केही दिन उसले यो काम नभेटाएको भए उसको जिन्दगीले अर्कै मोड लिने पक्कापक्की जस्तै थियो। किनकि खाली पेटले सधैं आदर्शलाई शिरोपर गर्न असंभव थियो। बिहान , दिउँसै पत्रिका बेच्ने उसले दिउँसोको समयमा छुट्टै अफिसमा सामान्य कर्मचारीको रूपमा काम पाएपछि भने दिउँसो पत्रिका बेच्न छोडिदियो। यसै गरेर उसले जीविका चलाइरहेको थियो। दुःख त अवश्य थियो तर प्रत्येक बिहान ऊ त्यो घरमा पुगेपछि उसले आफू बाँचिरहेको जिन्दगी , दुःख र संघर्ष चटक्कै भुलिदिन्थ्यो। मेहनती र लगनशील थियो र त उसले आफ्नो जीवनको एउटा लय समातेको थियो। नत्र त ऊ यतिबेला कि सडकछाप भएर कतै डेन्ड्राइट सुँघिरहेको हुने थियो कि त चुल्ठे- मुन्द्रे भएर गुण्डागर्दी गरिरहेको हुन्थ्यो।

००० ००० ०००

एउटा ठूलो पहाडी टाकुरामा फूलेको गुराँसको फूल टिप्न ऊ रुखमा चढेर यसो के लम्किएको मात्रै थियो , टेकेको हाँगो कर्याक्क भाँचियो। त्यो मनमोहक फूल टिपेर ऊ चिया दिने केटीलाई दिन चाहन्थ्यो जो रुखको फेदमा बसेर टुप्पामा हेरिरहेकी थिई , जहाँ फूल टिप्न ऊ अर्थात सौगात चढेको थियो। सौगात टुप्पाबाट खसेपछि त्यो केटी पनि होसहवास खुस्केर टेकिरहेको जमिनबाट लडी। एकैछिनपछि ती दुवै आकाशमा उडिरहेका थिए राजहाँस भएर। उडेर कहिले पहाडको चुचुरो भन्दापनि धेरै माथि त कहिले नदीको तीरैतीर टाढाटाढा पुग्थे। उड्दाउड्दै थाकेर लखतरान भएपछि फेरि पहिलेकै गुराँसको रुखमा आएर बसेका थिए। त्यही बखत अलि परबाट एउटा शिकारीले भरुवा बन्दुक उनीहरूतिरै ताकिरहेको देखियो। अब लौ फेरि यहाँबाट उड्नुपर्छ भनेर दुवैले चुच्चो एकापसमा जोडेर सल्लाह गर्दैगर्दा ऊ झल्यास्स बिउँझेको थियो। बाहिर झिसमिसे उज्यालो भईसकेको रहेछ। सदा यतिखेर ऊ आफ्नो प्यारो साइकल लिएर भूगोलपार्क पुगिसकेको हुन्थ्यो।

ऊ पत्रिका बाँड्दै त्यो घरमा पुग्दा केटी सोफामा गहिरो निद्रामा थिई। त्यहाँ उसले उसको रूपलाई , उसको गर्दन र मुहारमा छरपस्ट कपाललाई र उसको अङ्गविन्यासलाई धित मर्नेगरि हेर्न चाहिरहेको थियो। तत्क्षण सोच्यो , मैले यसरी निहारिरहेको उसका बाउआमाले थाहा पाए भने त वित्यासै पर्छ। ऊ त्यहाँबाट हिँड्न खोज्यो तर चियाको तल्तल् बेस्मारी लागेर आयो। कल्प्यो , चियाको चुस्कीसँगै उसको बेपरवाह सुताइ नियालेर छेउमा बसेको। उसको आँखालाई यो दृश्य मन परेको थियो र केही बेर आँखा नझिम्क्याइकन हेर्न लोभ लाग्यो। रोक्दारोक्दै मुखबाट खोकी खुस्कियो।

मैले चाहेको थिइनँ कि उनी उठुन् , तर पातलो निद्राबाट बिउँझे झैं उनी झट्ट उठिन् र म भर्खरै आएझैं गरेर उनले सुतेको देखेकै छैन झैं गर्न खोजें। तर म त अलमलमा पो परें।

"अहो ! म त भुसुक्कै पो निदाइछु। म चिया बनाएर ल्याइहाल्छु है , भित्रै बस्नु न आउनू ! "

उनको सधैं सुनिरहेको स्वर , तर आज अलिक फरक लाग्यो। त्यो बोलीमा यस्तो मिठास थियो कि ऊ त्यसको स्वाद कुन चाहिँ मिष्ठान्न परिकारसँग मिल्छ भनेर अहिले ठ्याक्कै भन्न सक्दैन। जे होस् त्यो आवाज उसले सुन्ने आवाजहरू मध्येको मीठो थियो भन्ने कुरामा उसलाई कुनै शंका थिएन।

"होइन म जान्छु।" उसले हाँस्दै भन्यो। तर उनले चिया खाएर मात्रै जानू भने हुन्थ्यो भन्ने उसलाई लागिरहेको थियो।

"पाकिसक्यो है , भित्र आउनुस् छिटो।" उनले आदेशत्माक स्वरमा भनेपछि ऊ लुरुलुरु भित्र गयो।

सम्पन्नता झल्काउने खालको बैठक कोठामा पसेर सोफामा बस्नुअघि उसले 'किचन' तिर झुलुक्क हेर्यो। खै के टिप्न हो , निहुरिएकी उनको अरुबेला देख्न मुस्किल पर्ने शरीरको केही भाग देखियो। उसले संजोगले भनौं कि चोरेर त्यो सब हेर्यो र त्यो लाज लाग्ने हेराइ उनले थाहा नपाउन् भनेर ऊ झस्कियो। धेरै बेर नकुर्दै उनले दुईवटा सेता टि कपमुनि प्लेट राखेर बाफ उडाउँदै चिया लिएर आइन् र उसको छेवैमा बसिन्। उसले असजिलो मान्दै दबेको स्वरमा सोध्यो - "सर , म्याडम खै त आज ?"

चिया भन्दा निकै मीठो आवाजमा उनले भनिन् - "बिहानै पोखरा जानुभयो। र त म आज त्यतिबेलासम्म सुतिछु !" यसो भन्दा उनी लजाएको उसले सजिलै चाल पायो।

"अनि तिमी त गईनछौ त , किन ? लानु भएन ?"

"यहाँ घर रुङ्नुपरेन त ?"

उसलाई यिनी यही घरकी छोरी हुन् भन्ने कुरामा विश्वास थियो। तर , अहिले शंका लाग्यो। सिधै सोध्न चाहिँ उसलाई मन लागेन। अझ यसो भनौं , सोध्न सकेन।

निकैबेर गफ गरेपछि थाहा भयो कि उनी त्यस घरकी छोरी नभएर काम गर्न बसेकी रहिछिन् र नाम रहेछ माया। उनको दिनचर्या सुनिसकेपछि ऊ उनीप्रति अझै मायालु र नजिक भएको महसुस गरिरहेको थियो। उठेर हिँड्नै लाग्दा अनायासै उनका हातमाथि आफ्ना हात खप्टिए। पहिलो स्पर्श। उसले ती हात समातेर उचाल्यो। आफ्नो अनुहारसम्म ल्यायो। आँखासम्म। त्यसपछि ओठको नजिकै पुर्यायो। अनि छोडिदियो। ऊ लजाउँदै सुस्तरी



बोल्यो। "ल म गएँ है माया " उनी मुसुक्क मुस्कुराईन् र टाउको हल्लाईन्।

यसरी उनीहरू विस्तारै विस्तारै नजिक हुँदै गए। मौका मिल्दा सुखदुःखका कुरा हुन थाले। घरपरिवार , रुचि र उद्धेश्यका कुरा भए। चिया खाने काम बिहान नियमित र आक्कलझुक्कल दिउँसो पनि हुन थाल्यो। दिउँसो चाहिँ त्यस घरका साहु साहुनी नभएको बखत मात्रै जान्थ्यो ऊ।

.......

साहु , साहुनीलाई यस्तो माया गर्थ्यो कि बाहिर कतै जाने बेला निकैबेर गुनुमुनु गुनुमुनु गरिरहन्थ्यो र हात समाउँथ्यो , खेलाउँथ्यो र ओठमा लगेर लामो समय राखिरहन्थ्यो। अनि घरमा फर्केर भेट्ने बित्तिकै श्रीमतीको काखमा ढल्किन मन पराउँथ्यो। उनी पनि काखमा स्वामीको शिर राखेर खिरिला लामा नरम औंला कपालभित्र घुसारेर गन्थन गरिरहन्थिन् धेरैबेर। यी सब कुरा सौगातले मायाबाटै थाहा पाएको थियो। मायाले आफूलाई यस्ता कुरा सुनाउनुको मतलब बुझ्न राती सुतेपछि ओछ्यानमा ढल्केर दोहोर्याएर सम्झिन्थ्यो। यसो गर्दा उसलाई समयमा निद्रा पर्दैनथ्यो। कहिलेकाहीँ त उज्यालो हुने बेला मात्रै निदाउँथ्यो। यो बेग्लै कुरा थियो।

दिउँसोको कामले मात्रै आजीविका चले पनि उसले बिहानको काम छोडेको थिएन। कतिपटक त छोड्नेबारे सोच्यो पनि ! तर त्यो काममा नगएपछि त दिनकै मायासँग कुन बहानामा भेट्नु ? बाध्यताले शुरु गरेको हकर काम अहिले उसको लागि रहरजस्तो भएको थियो। तथापि त्यसबाट कोठा भाडा तिर्न र गाउँमा भएकी बिरामी आमालाई औषधी पठाउन ठूलै सहयोग पुगिरहेको थियो। जुनसुकै काम होस् , त्यसमा थपथाप गर्न बिहानी कमाइले राहत दिइरहेको थियो। र , सबैभन्दा मुख्य कुरा मायाको हातले पकाएको चिया खान र एकैपल भए पनि उसको मुहार हेर्न ऊ हरदम लालायित थियो। यसैको लोभमा उसले यो काम नछोड्ने अठोट गरेको थियो।

साहुनीको माइती पोखरा। बेलाबेलामा गइरहन्थिन्। शनिबार बिहानै उनी पोखरा हिँडेपछि मायाले निकै राहत महशुस गरेकी थिईन्। कारण थियो , माया दिनभर जसो उनकै लुगाकपडा धुने , सुकाउने , आइरन गर्ने , पट्याउने , थन्क्याउने लगायतका काममा व्यस्त हुनुपर्थ्यो। साहु पनि खाना खाएर अफिस गइहाले। यतिबेला उनले गर्नुपर्ने काम सक्किसकेको थियो र मनमा कुरा खेल्न थालेको थियो। सौगातले बिहान हतारहतार चिया खाएर हिँडेको सम्झेर उनले अहिले आएपनि फुर्सदमा गफ गर्दै चिया खुवाउने थिएँ भनेर कल्पिन्। किनकिन आजकाल सौगातको याद बाक्लो आउन लागेको छ उनलाई। कोठामा पस्ने , बस्ने , उठ्ने , ढल्किने , ऐनामा आफ्नो ज्यान हेर्ने गर्दै उनी उसैलाई सम्झिरहेकी थिईन्। त्यहीबेला डोअरबेलको मीठो ध्वनिले उनको ध्यान भंग गरिदियो। को आयो होला भन्ने सोच्दै उनी गेट खोल्न गइन्। अगाडि साहुजी उभिएका थिए। यति छकालमै त उनी घर कहिल्यै फर्कदैनथें। आज के भएछ कुन्नि ! पक्कै केही भएको हुनुपर्छ भन्ने सोच्दै उनले साहु भित्र छिरेपछि गेट बन्द गरिन्।

"माया एक गिलास चिसो पानी लिएर आऊ त !" उसले आफ्नो कोठाबाटै बोलायो।

पानी पिएपछि उसले आफू छिटै आउनाको कारण खोल्यो। "अफिसको सिँढीमा लडेर खुट्टा बेस्सरी ठोकियो , जाऊ कचौरामा तेल लिएर आऊ त "

माया आज्ञाकारी भएर गई र तेल लिएर आई।

"मेरो हात पनि कता ठोकिएछ कुन्नि ! दुखिरहेको छ। तिम्रो काम छैन भने मलाई एकछिन सहयोग गरिदेऊ न है ?"

उसले के सहयोग गर्नुपर्ने हो केही बुझिनँ र अनौठो मानेर उभिईरही।

उसले हाँस्दै भन्यो , "एकछिन तेल लगाइदेऊ न "

अप्ठ्यारो मान्दै उसले तेलको कचौरो समाती र अप्ठ्यारै मानेर छेउमा बसी। यसअघि साहुनीलाई दिन बिराएर जसो ज्यान मालिस गरिदिन्थी ऊ। तर साहुलाई भने अहिलेसम्म गरेकी थिईनँ। सायद साहुनीले नै गर्दिहुन् भन्ने ऊ सोच्दथी। "तेरो हातले मालिस गरेपछि सारै आनन्द आउँछ माया " कहिलेकाहीँ साहुनी उसलाई फुर्क्याउँदै भन्थिन्। ऊ मक्ख पर्थी। तर आज साहुको पिडुँला मालिस गर्नुपर्दा उसलाई अति नै असजिलो लागिरहेको थियो। साँझतिर बाहिर गएको ऊ राती घर आएको पनि चाल पाईनन् उनले। राती आएर फेरि दिउँसोको जसरी नै मालिस गर्न लगाउँछ कि भनेर ठूलो चिन्ता थियो उनलाई।

०००

भोलिपल्ट बिहान चिया पिउँदै गर्दा सौगातले लजाइ लजाइ मायासँग आज फुर्सद के छ ? भनेर सोध्यो। "फुर्सद त फुर्सदै छ तर बाहिर जान मिल्दैन। बरु तपाईंको फुर्सद भए दिउँसो यतै निस्कनुस् न !" मायाको यस्तो जवाफ पाएर ऊ प्रफुल्ल मुद्रामा त्यहाँबाट हिँड्यो। बिहानको खानपिन सकेपछि साहु अफिस गयो र माया कोठामा ढल्केर झ्याल खोलिन् र सौगात आउने बाटो हेर्न थालिन्।

आज त साहु दिउँसै घर नआउलान् नि ! आए भने त वर्वादै हुन्छ। मायाको मनमा सौगात आउने खुसी र साहु आउनसक्ने डर दुवै सँगसँगै मिसिएर आइरहेका थिए। हिजो झैँ आएर फेरि तेल मागे "".. भने म के गरौंला ! उनी सोचमा डुबिन्। नमानौं भने सानैदेखि पालनपोषण गरे , हुर्काए बढाए। माया ममता दिए। मानौं भने दिनदिनै अधबैंसे पुरुषको जीउ मालिस गरिदिनु पर्ने ! उनी आफू भयङ्कर संकटमा फसेको अनुभव गरिन्।

उता सौगात आजचाँहि मनको कुरा खुलस्त भन्छु भनेर सोच्दै कसरी कुराको शुरुआत गर्ने होला भनेर आइडिया खोज्दै थियो। खाली हात जाऊँ कि , केही उपहार पनि लैजाऊँ ! उपहारमा के लैजाँदा ठीक होला ? फेरि मायाले अस्वीकार गरि भने के गर्ने ! दयाले के बिहान बिहान एक कप चिया खुवाएकी थिएँ ! यत्रो हिम्मत ? भन्ने पो हो कि ! सोचको सागरमा पौडिदैं थियो ऊ पनि।

अब त सौगात आउनुपर्ने हो ! कतै नआउने पो हो कि ? ढाँट्नु त नपर्ने ! ऊ आएपछि म पनि आफ्नो मनको कुरा राख्छु। बरु कुरा पो कसरी शुरु गर्ने होला ? माया पनि उसकै बारेमा कल्पिरहेकी थिईन्। यत्तिकैमा उनको सोचलाई खल्बल्याउँदै डोअरबेलले मीठो संगीत बोल्यो। उनले पक्कै पनि सौगात नै हुनुपर्छ भन्ने सोचिन् र एकपटक आफ्नो ज्यान दराजको ऐनामा हेरिन् र मुस्कुराउँदै गेट खोल्न गईन्। गेट खोलिसक्दा सधैं देख्ने मान्छे देखेर पनि उनी नराम्ररी झस्किईन्। ऊ मुसुक्क हाँस्यो र सरासर भित्र गयो। हातमा खै के को हो पोको बोकेको थियो , तर उनले त्यसमा ध्यान दिईनन्। उनलाई त एकैपटक दुईवटा चिन्ताले गाँजेको थियो। साहू नबाहिरिदैं सौगात आउला भन्ने डर र त्योभन्दा पनि धेर त हिजो झै साहूले खुट्टा दुख्यो भनेर पूरै जीउ मालिस गराउला र सोही बहानामा आफूलाई शोषण गर्ला भन्ने पीर !

उनी गह्रौं मन पारेर भित्र गईन्। साहूले भान्साकोठामा बोलायो र दुईवटा प्लेटमा प्याकिङ गरेर ल्याएको नास्ता राख्यो। ल तिमी पनि खाऊ भन्दै आफू पनि खान थाल्यो। गिलासमा रेड लेबलको बोतलबाट एक पेग खन्यायो र पिउन थाल्यो। उनले जे नहोस् भनेर कामना गरिरहेकी थिईन् , त्यही हुने भयो। केहीबेरपछि हिजो झैँ बउलमा तेल लिएर रुममा आऊ है भनेर बोलाएर गयो। जाम् कि नजाम् भएर निकैबेर घोरिएर उभिईरहिन्। फेरि साहूको बोलावट सुने पछि उनी तेल लिएर गईन् र उसले भने मुताविक मालिस गरिदिन थालिन्। श्रीमतीले छोडेको दुई दिन भएको , मायाको फक्रदै गरेको सोह्र वर्षे जवानी देखेर हुरुक्क भएको र रक्सीको नसामा उसले मायालाई मालिस गर्दागर्दै च्याप्प समातेर सँगै सुताउन खोज्यो। तर मायाले उम्किने हरप्रयास गरिन्। केही नलागेपछि चिच्याउन खोजिन् र अन्तमा उसको बाहुपासबाट उम्केर भाग्न खोजिन्। तर भागेर पनि कहाँ जानू र ! भान्साकोठामा पसिन् यताउता हेरिन्। साहू त मैमत्ता भएर उनको पछिपछि पो आउँदै रहेछ। उसले अँगालो मार्न झम्टनु अघि उनले हत्तपत्त एउटा चक्कु टिपिन् र उसलाई ताकिन्। यहीबेला कानै खानेगरि डोअरबेल बज्यो। यसले मायाको हौसला बढाउन हुनसम्मको काम गर्यो। एक्कासि उनको ज्यानमा काली भगवतीको सवार भयो र आँखा रातारात भए। कानबाट रगत चुहिएला जस्तो भयो। श्वासप्रश्वास छिटोछिटो चल्न थाल्यो र हातमा भएको धारिलो चक्कु साहूको छातीमा कसरी गड्यो ! उनले पत्तै पाईनन्।

उसको चिच्याहट र रोदनले घरको सीमाना नाघ्यो। गेट पार गरेर सौगात पनि त्यहाँ पुगिसकेको थियो भने छिमेकका मान्छेहरू आउने संभावना पनि बढेकै थियो। तर साहूले अन्तिम सास फेरुञ्जेलसम्म थप मान्छे कोही आएनन्। बरु मान्छे आइदिएको भए प्रहरी बोलाउथें , आउँथे र गिरफ्तार गर्ने थिए। तर त्यहाँ त केही नभएको झैँ सुनसान थियो र बाक्लो स्तब्धता छाएको थियो। यस्तो बेला के गर्नुपर्ने हो ! दुवैलाई थाहा थिएन। सौगातले अघि नै देखि हातमा लिइराखेको रातो गुलाबको फूल मायालाई दियो। उनले त्यो उपहार हातमा लिंदै भनिन् "हाम्रो प्रेम शुरु नहुँदै अन्त्य हुने भो सौगात !" र एउटा लामो सुस्केरा हालिन्। उसले उनको हात समाउँदै भन्यो "यो प्रेमको अन्त्य यति सजिलै हुँदैन माया ! म छु नि तिम्रो साथ।" त्यसपछि उसले मायालाई लिएर वकिलकोमा गयो , जहाँ ऊ हरेक बिहान पत्रिका पुर्याउन जान्थ्यो। वकिलको सल्लाह अनुसार उनीहरू अगाडि बढे र स्वाभिमान कायम राख्दै प्रेमको पूजा गरे।

# पाशुपत योग : एक उपयोगी पुस्तक

**डा. इन्दुल के.सी.**

**प्रारम्भ**


महात्मा सुशीलज्यू हाल पाशुपत योग आश्रममा साधनारत भई रहनु भएको छ। विगत ३० वर्ष देखि निरन्तर योग साधनामा लागि रहनु भएको छ। आफ्नो आश्रममा आएका भक्तजनहरूलाई योग र अध्यात्म दर्शनको प्रवचन गर्ने र योग सिकाउने कार्य गरिरहनुभएको छ। प्रत्येक सोमवार बिहान ५ बजे देखि नेपाल टेलिभिजनमा पाशुपत योग बारे प्रवचन दिने कार्यक्रम प्रस्तुत गर्दै आउनु भएको थियो। यस पुस्तकलाई श्रव्य तिमिल्सिनाज्यूले अङ्ग्रेजी भाषामा अनुवाद गरी प्रकाशन गर्नुभएको छ। २०७६ साल महाशिवरात्री एवम् पाशुपात योग दिवसको शुभ अवसरमा उहाँले लेख्नुभएको 'पाशुपत योग' किताबको छैठौ संस्करण प्रकाशित गर्नुभएको छ। उहाँले उक्त किताब एक प्रति – 'आदरणीय डा. इन्दुल के.सी. बाबालाई सप्रेम उपहार' भनी लेखी मलाई दिनु भएको थियो। मैले पाएको उक्त किताबलाई पढि सकेपछि सो पुस्तकलाई आधार मानी यो मेरो सानो लेख निम्नअनुसार पाठक समक्ष प्रस्तुत गरेको छु।


महात्मा सुशीलज्यूले २०७६ सालदेखि २०७८ सालसम्म प्रत्येक सोमबार नेपाल टेलिभिजनमा योगको प्रवचन, योगाभ्यास गरिएको दृश्य छायाङ्कन गरी १५६ भाग प्रसारण गर्नुभयो। जसलाई अहिले पनि युट्युभमा दर्शकहरूले हेर्न सकिने व्यवस्था गरिएको पाइन्छ।


यस किताबलाई ११ ओटा खण्डहरूमा विभक्त गरिएको रहेछ।

**अग्र लेख**

यस किताबको अग्र लेखको रूपमा श्री कमल रिजालज्यूले लेख्नु भएको साथै






२०७२ साल साउन १६ गते शनिबारको गोरखापत्रमा प्रकाशित समाचार (लेख) यहाँ साभार स्वरूप रहेकोबाट मैले निम्न २ वडा अनुच्छेदहरू उद्धृत गरेको छु :-

१. "........ विशेष गरी पुस्तकमा विभिन्न किसिमका आसन, तिनको प्रयोग र त्यसबाट हुने लाभको पक्षलाई केलाउने प्रयास गरिएकाले यसको सैद्धान्तिक पक्षभन्दा व्यावहारिक पक्ष भएको छ।

पाशुपत योग १ पाशुपत-धर्म ११ (सनातन वैदिक धर्म र हिम्वत्खण्ड भन्ने कुरा नेपालको संविधानमा उल्लेख हुनु पर्दछ भनी आफ्नो धारण प्रस्तुत गर्नुभएको छ। वर्तमान नेपालको संविधानले नेपाल राष्ट्र धर्म निरपेक्ष भनी लेखिसकेको अवस्थामा किताबका लेखक महात्मा सुशीलजीले आफ्नो भावना-इच्छा आफ्नो स्वतन्त्रताको हकलाई निर्भिक भएर यस किताबको माध्यमद्वारा आफ्नो विचार प्रस्तुत गर्नु भएकोछ।


**किताबमा रहेको खण्डहरू :-**

यस किताबलाई निम्न अनुसार ११ खण्डमा विभक्त गरी प्रत्येक खण्डमा निम्न अनुसार विषयहरू समोवश गरिएका छन्।

१. प्रथम खण्डमा - चार महावाक्यहरू २. द्वितीय खण्डमा - गुरू महिमा ३. तृतीय खण्डमा - क) मन्त्र योग, (ख) यम-धर्मका दस लक्षणहरू ४. चतुर्थ खण्डमा - नियम - धर्मका दस लक्षणहरू

५. पञ्चम खण्डमा - हठयोग, सूर्यनमस्कार योगासन ६. षष्ठम् खण्डमा - क) प्राणायाम, ख) पञ्चम प्राण र उप प्राणहरूका कार्यहरू ग) प्राणायाम विधि ७. सप्तम खण्डमा - क) लय योग ख) प्रत्याहार ८. अष्टम खण्डमा - धारणा ९. नवम खण्डमा क) राज योग ख) ध्यान ग)कुण्डली शक्ति १०. दशम खण्डमा - समाधि ११. एकदश खण्ड - शरीरको पञ्च अवस्था क) पञ्चकोश र जीवात्माको पञ्चअवस्था - ईश्वर गीता २० अक्षमालिकोपनिषद् ३० लाङ्गुलोपनिषद् यसको साथै सिध्द कुञ्जिका स्तोत्रम् रहेका छन्।

यस किताबमा रहेका चित्रहरू ब्रम्हाण्डका : - पञ्च ब्रम्ह - शिव, ब्रम्हा विष्णु, सूर्य महालक्ष्मी, विश्वको सर्वोच्च शिखर सगरमाथा नेपाल, योगका अधिपति रूप - भगवान दत्तात्रय, योग विधाको पूर्ण गुरू गुरू महायोगी सच्चिदानन्द विशुद्ध देवज्यू र उनै विशुद्ध देवज्यूबाट सन्यास प्राप्त गर्नु भएका संस्थापक (लेखक स्वयम् महात्मा सुशीलज्यूको सुन्दर फोटोहरू समावेश गरिएका छन्। यी चित्रको


Pāśupata Yoga Practice Place
World Heritage Pashupati Area, Kathmandu, Nepal
Phone: +977-9813046462, E-mail: pashupatyogatt@gmail.com

President: Mahatma Sushil
General Secretary: Dr. Indal K.C.
Secretary: Ramesh Adhikari
Treasurer: Keshab Prasad Chaulagain
Co-Treasurer: Puja Sharma

Date:- April 7, 2019

*Om Namaha Shivaya*

Mahatma Sushil took the trouble of writing this book Pashupat Yoga for the welfare for the mankind and to spread the knowledge of Pashupat Yoga in the world. His objective is holy and noble. Originally he had written in Nepali, now Mr. Shrabya Timsina is translating it into English, our sincere gratitude to him for his restless effort.

We believe that now more readers will get benefit from this English translation of Pashupat Yoga.

We are sure that this book will be considered as a milestone by the readers.

Our sincere thanks to all who are directly and indirectly involved in publishing this book.

Dr. Indal K.C. (Yogacharya) General Secretary — Ramesh Adhikari (Astrologer) Secretary

फोटोहरू किताबको विषयवस्तुसँग जोडिएका छन् र सान्दर्भिक छन्।

**अन्तमा**

सत्य युगमा भगवान् सदा शिवजीबाट माता श्री पार्वती देवीलाई दिनु भएको योगको शिक्षालाई माथि उल्लेख भएका १) चरित्र विज्ञान, २) शिवसङ्हिता, ३) घेरेन्द्र संहिता, ४) हठयोग प्रदीपीका जस्ता अति महत्त्वपूर्ण एवम् दुलर्भ ग्रन्थहरूको सार यस किताबमा दिइएको पाइन्छ। लेखक महात्मा सुशिलज्यूले आफना योग गुरूहरूबाट सिकेका योगलाई आफूले जीवनमा वर्षौं वर्ष स्वअभ्यास गर्नुको साथै संयौ व्यक्तिहरूलाई आफूले योग-शिक्षा दीक्षा दिंदाको विभिन्न अनुभव समेतलाई आधार बनाइ यो किताब तयार गर्नु भएको देखिन्छ। योगबाट अलग हुनु भनेको वियोग हो। कोही व्यक्ति योगबाट अलग भयो भने त्यो वियोगी हुन जान्छ। योगको सैद्धान्तिक ज्ञानको साथै स्वयम्ले अभ्याससमेत गरी आफू निरोगी हुन चाहनेहरूको लागि उक्त पुस्तक ज्यादै उपयोगी देखिन्छ।

# चौधरीको "आहाना" सार्वजनिक



काठमाडौं। कवि तथा गीतकार बसन्त चौधरीले बाल कविता संग्रह 'आहाना' सार्वजनिक गरेका छन्। 'प्रेमिल कवि' को छवि बनाएका चौधरीले आफ्नी नातिनी आहाना शाक्य (चौधरी) को जन्मदिनको दिन पारेर 'आहाना' सार्वजनिक गरेका हुन्।

आइतबार ललितपुरको खुमलटारस्थित प्रिमियमर इन्टरनेसनल स्कुलको सभाहलमा आयोजित एक समारोहकाबीच कवि चौधरीले लेखेको बाल कविता संग्रह 'आहाना' विमोचन गरिएको हो। उनले आफ्नो साहित्यिक जीवनकै पहिलो बाल कविता संग्रह प्रकाशन गरेका हुन्। यसअघि उनका २० वटाभन्दा बढी कविता तथा गीतहरूका संग्रह प्रकाशित भइसकेका छन्। दर्जनौं चर्चित नेपाली गीतहरूका उनी सर्जक समेत हुन्।

बाल कविता संग्रह 'आहाना' नेपाली र अंग्रेजी दुवै भाषामा उपलब्ध छन्। 'कोपिला किताब'ले प्रकाशन गरेको 'आहाना'मा चौधरीका ५६ वटा बालकविताहरू समेटिएका छन्। प्रत्येक कवितासँगै कलाकार भानु भट्टराईले तयार पारेको आकर्षक चित्रांकन समेत समेटिएकाले बालकविता संग्रह निकै आकर्षक छ। कविता संग्रह विमोचन समारोहमा बोल्दै कवि चौधरीले आफू निकै खुशी भएको उल्लेख गर्दै भने, 'यस्तो लागिरहेछ कि बसन्तको आगमन फेरि भएको छ। मन प्रफूल्लित छ।'

उनले आफ्नी नातिनीलाई सानैदेखि हेरेको र उनको उमेर बढेसँगै आफूले देखेको, भोगेका र नातिनीसँग बिताएका क्षण तथा नातिनीजस्तै भएर लेखिएका कविताहरूलाई संग्रहको रुप दिएको बताए। कविता संग्रह आहाना आफ्नी नातिनीको प्रतिबिम्ब समेत भएको उनको भनाइ थियो। उनले बालसाहित्यको महत्वको विषयमा समेत आफ्ना धारणा राखेका थिए। 'बाल साहित्य मेरो नियमित विधा होइन। यो मेरो पहिलो प्रयास हो,' उनले भने, 'मैले विभिन्न देशको भ्रमण गर्दा त्यहाँ बाल साहित्यले हासिल गरेको उचाइ देख्दा डाह लाग्थ्यो। नेपालमा के कारणले बाल साहित्य पछाडि परेको छ, त्यो बुझ्न सकिरहेको छैन।'

कवि चौधरीले बाल साहित्यले नेपालमा उचाइ हासिल नगरे पनि बाल साहित्यको विषयमा संस्थागत कामहरू भएका भन्दै त्यस्तो काम गर्ने सबै सर्जकप्रति आभार व्यक्त गरे। 'लगानी गरेर बालसाहित्य वा कृति प्रकाशन गर्दा रिटर्न आउँदैन,' उनले भने, 'तर बाल साहित्यलाई व्यापार भन्दा पनि एउटा आन्दोलनको रुपमा लिनुपर्छ।'

बालबालिकालाई रचनात्मक कुराहरू कविता र गीतबाट सिकाउन सकिए त्यसले निकै ठूलो परिवर्तन गर्ने र बाल मानसपटलमा सिर्जनात्मक कुराहरूको बास हुने उल्लेख गर्दै विश्वभर शिक्षामा परिवर्तन भइरहँदा नेपालमा पनि हुनुपर्ने र सिकाईको माध्यमको रुपमा कविता र गीतहरूलाई पनि समावेश गरिनुपर्नेमा उनको जोड छ।

# एसियाको मानचित्रमा यसरी उदय भयो यहुदी राज्य इजरायल



विष्णु भट्टराई

पेट्रोलियम पदार्थ र खनिज सम्पदाको अखण्ड भण्डारले भरिपूर्ण पश्चिम एसिया इतिहासको आरम्भदेखि नै धर्तीको एउटा महत्वपूर्ण क्षेत्रको रुपमा रहिआएको छ। एसिया र अफ्रिका, युरोप र सुदूरपूर्व साथै युरोप र अफ्रिकाको मध्यभागमा रहेको पश्चिम एसिया प्राचीन दुनियाँको प्रमुख केन्द्रबिन्दु हो। पूर्व र पश्चिम बीचको सेतुको रुपमा रहेको पश्चिम एसिया सामरिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण रहेकैले नेपोलियन, हिटलर, कैसर, विलियम द्वितीय, सिकन्दर महानजस्ता साम्राज्यवादी शासकहरूले विश्वविजयको अभियानमा यस क्षेत्रलाई मुख्य लक्ष्य बनाएका थिए। अहिले मध्यपूर्व भनेर चिनिने क्षेत्र नै पहिले पश्चिम एसिया क्षेत्रका रुपमा परिचित थियो।

मध्यपूर्व शब्दको प्रयोग सन् १९२१ देखि गरिँदै आएको हो। मध्यपूर्वले पहिले प्यालेस्टाइन, मिश्र, सिरिया, अरब, इराक र जोर्डनको मात्र प्रतिनिधित्व गर्थ्यो। तर अहिले मध्यपूर्वले दक्षिण पश्चिमको अधिकांश मुलुकहरूलाई आफूभित्र समेटेको छ। प्यालेस्टाइन युद्ध, अरब इजरायल युद्धका रुपमा चर्चामा आइरहेको मध्यपूर्व धार्मिक दुनियाँमा पवित्र भूमि भनेर चिनिने इजरायल, इसाइ, मुसलमान, यहुदी, जोराष्ट्रियन र बहाई आदि महत्वपूर्ण विश्वप्रसिद्ध धर्महरूको लागि महान् तीर्थस्थल रहिआएको छ। यही धार्मिक महत्वको प्रसंगकै कारण इजरायल युगौंयुगसम्म चर्चाको धरोहर रहिरहने कुरा निश्चित छ।

अरबको मरुभूमिमा भेडा र उँटको बथान लिएर घुमन्ते जीवन बिताइरहेका यहुदीहरू १४०० देखि १२०० वर्षको बीचमा प्यालेस्टाइनमा प्रवेश गरेको मानिएको छ। त्यसबेला प्यालेस्टाइनको नाम कन्नान थियो। त्यसबेला हजारौं यहुदीहरू मिश्रमा दास बनाइएका थिए। यहुदी धर्मका संस्थापक मुसा (मोजेर) ले मिश्रमा दास बनिरहेका यहुदीहरूलाई मुक्त गरेर प्यालेस्टाइन ल्याए। त्यसबेला दक्षिणतर्फको कनाविनी नगरमाथि उनीहरूले प्रभुत्व जमाए।

इसापूर्व १२२० तिर साउलको नेतृत्वमा राजतन्त्रको स्थापना गरे। करिब इ.पू.१००० तिर साउलका उत्तराधिकारी डेभिडले ऐतिहासिक नगर जेरुसेलमलाई पनि कब्जामा लिएर उत्तर दक्षिण दुवैलाई मिसाएर एकीकृत प्यालेस्टाइन राज्यको निर्माण गरे। डेभिडका छोरा सलोमनले प्यालेस्टाइनलाई एक व्यापारिक शक्तिका रुपमा विकसित गरे। बाइबल युगको १३०० वर्ष पूर्व प्यालेस्टाइनका सबै जनता यहुदी थिए। यहुदीहरूको स्वतन्त्र राज्य थियो पनि भनिन्छ। सलोमन कलाकौशलका पारखी थिए। नगरलाई उनले झकिझकाउ बनाएका थिए। यिनैले जेरुसेलममा ईश्वरको विशाल मन्दिर निर्माण गरेका थिए।

सलोमनको मृत्युपछि यहुदी राज्य उत्तर र दक्षिण गरी दुई भागमा विभाजित भयो। सामरिक राजधानी भएको इजरायल र जेरुसेलम राजधानी भएको जुडाह। सलोमनका छोरा हिरवम जुडाहाका राजा बने भने उत्तरको विद्रोहीहरूले जोरोबमलाई गद्दिसीन गराए र इजरायल राज्यको नाम राखे। यी दुई राज्यमध्ये इजरायल सम्पन्न र सभ्य थियो भने जुडा कमजोर राज्य थियो। उसको हातमा जेरुसेलम मात्र रहेको थियो। पछि दुई शताब्दीसम्म यी दुवै देशहरू अस्तित्वमा रहे। पछि जेहु नामक एक अधिकारीले दुई राज्यबीचको मनमुटावबाट फाइदा उठाउँदै दुवै राज्यका राजाहरूको हत्या गरिदिए। इ.पु. ५८६ मा जुडाहमाथि बेबिलोलियनहरूले आधिपत्य कायम गरे। पछि असिरियाका सम्राट तिगलत पिलेसर प्रथमले इजरायलमाथि आक्रमण गरी आफ्नो कब्जामा लिए। रोमनहरूले यहुदीहरूको मन्दिर भत्काइदिएर त्यहाँका यहुदीहरू विस्थापित भएर युरोपका विभिन्न देशहरूमा छरिए। उनीहरू जहाँ पुगे त्यहाँ साहित्य, कला र विज्ञानको विकासमा ठूलो टेवा पुऱ्याए। अलबर्ट आइन्स्टाइन पनि यहुदी नै थिए। यही कारण यहुदीहरू संसारका सबैभन्दा बुद्धिमानी जातिमा गनिन पुगे। अहिले यिनै यहुदीहरूको इसारामा अमेरिकाको विदेशनीति चलि रहेको छ।



अमेरिकाका अधिकांश पुँजीपति, व्यापारी र उद्योगपतिहरू यहुदीहरू नै रहेका छन्। जर्मन तानाशाह हिटलरको आदेशमा होलोकष्ट नामक यहुदी विनाश गर्ने नाजी कार्यक्रम सञ्चालन गरेका थिए। होलोकष्टले १५ लाख बालबालिकासहित करिब ६० लाख यहुदीहरूको निर्ममतापूर्वक ज्यान लिएको थियो। यही समयमा यहुदीहरू ज्यान बचाउन भागेर अमेरिका पुगेका थिए। दोस्रो विश्वयुद्धको समाप्तिपछि पनि ब्रिटेनले यहुदी अध्यागमनको कोटामा लगाएको हदबन्दी फुकुवा गरेन। यसको जवाफमा इजरायल भूमिका यहुदीहरू तथा विश्वभरिका यहुदी समुदायले आफ्नो स्रोत र साधन जम्मा गरी गैरकानुनी अध्यागमनको एक संगठित नेटवर्कको आयोजना गरे। अलिया बेट नाम दिएको यो नेटवर्कबाट करिब ८५ हजार युरोपेली यहुदी शरणार्थीहरू इजरायलमा प्रवेसिन सफल भए।

प्यालेस्टाइन सभ्यताको नयाँ केन्द्र स्थापना भएकै समयमा जेरुसेलम नगरको पनि स्थापना भएको मानिन्छ। प्यालेस्टाइनलाई यहुदी इसाइहरू पवित्र भूमि मान्छन् र श्रद्धा गर्दैछन्। त्यसैगरी नै मुसलमान धर्मावलम्बीहरू पनि अरबहरू पनि उत्तिकै श्रद्धा गर्छन्। यहुदी र अरबहरू दुवै यहाँका प्रथम बासिन्दा भनेर दाबा गर्छन्। इसा मसिहाको जन्म जेरुसेलममा भएको थियो। डेबिड राजाको समयमा यहुदीले नै उसलाई क्रसमा झुन्डयाएको भनाइ छ। इसाले सिनागोव (यहुदी मन्दिरमा) आफ्नो जुन विचार अभिव्यक्त गरेका थिए, त्यसलाई यहुदीहरूले आफ्नो विरुद्ध ठाने र क्रुद्ध यहुदीहरूले डेबिडको आदेशअनुसार इसालाई क्रसमा टाँगेका थिए। १६ औं शताब्दीदेखि प्रथम विश्वयुद्धसम्म यो नगर अटोमन साम्राज्यको अधिनस्थ थियो।





यहुदीहरूका आराध्यदेव यहोवा हुन्। उन्नाइसौं शताब्दीमा आइपुग्दा यहुदीवादले राजनीतिक आन्दोलनको रुप लियो। १८८० को समयमा रुसीहरू यहुदीहरूलाई मार्ने अभियानमा लागे। सुरक्षित बासस्थानको खोजीमा हजारौं यहुदीहरू प्यालेस्टाइन प्रवेश गरे। थियोडर हर्जलको अध्यक्षतामा स्वीटजरल्यान्डको ब्रासेल सहरमा सन् १८९७ मा यहुदीहरूको अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो। यही सम्मेलनले विश्व यहुदी संगठनको स्थापना गऱ्यो। यसका शाखाहरू विश्वमा विस्तार भए।



यहुदी नेता हर्जलले यहुदी राज्य नामक पुस्तक लेखे। उनले उक्त पुस्तकमा यहुदीहरूको स्वतन्त्र राज्य स्थापना गर्न प्राचीन पैतृक भूमि प्यालेस्टाइनको आवाज बुलन्द गरे। यसका लागि हर्जलले आन्दोलन नै छेडे। बीसौं शताब्दीको सुरुसम्ममा यहुदी राज्यको आन्दोलन तीव्र गतिमा अघि बढ्यो। १९१७ नोभेम्बर २ मा प्रकाशित प्रसिद्ध वालफेरि घोषणापत्रमा प्यालेस्टाइनमा स्वतन्त्र यहुदी राज्य स्थापना गर्ने उल्लेख गरियो। तत्कालीन ब्रिटिस विदेशमन्त्री लर्ड वालफोर यसका अगुवा बनेका थिए। हिटलरले सन् १९३३ मा यहुदी समाप्त पार्ने अभियान चलाएपछि यसबाट प्रभावित भएका यहुदीहरू प्यालेस्टाइन प्रवेश गर्न थाले। विश्व यहुदी संगठनले अमेरिकी यहुदीहरूको आडमा सन् १९४२ मा वाल्टिमोर कार्यक्रम अगाडि ल्याउँदै प्यालेस्टाइनमा यहुदी राज्यको माग गरे। डबिड बने गुरियोले आतंकवादी कार्यक्रम नै सञ्चालन गर्न थाले। सन् १९३९ मा २० लाख यहुदीलाई प्यालेस्टाइन प्रवेश गराउने उद्घोषण गरे। प्रथम विश्वयुद्धसम्म तुर्क र तातरविरुद्ध प्यालेस्टाइनहरूले रगत बगाए। १९२२ मा तुर्कले प्यालेस्टाइन कब्जा गऱ्यो। यसले बेलायती उपनिवेशवादको हैकम स्वीकार्न बाध्य हुनुपऱ्यो। ब्रिटिसको शासनकालमा अमेरिका, रुस र युरोपबाट लाखौं यहुदीहरूलई प्यालेस्टाइनमा प्रवासमा ल्याउने काम गरियो। अरबहरूको बाहुल्यता भएको प्यालेस्टाइनमा सन् १९३० मा आइपुग्दा ३ लाख यहुदीहरूको संख्या पुग्यो। जबकि यसअघि प्यालेस्टाइनमा ५ लाख अरबहरू रु. ५० हजार यहुदी मात्र थिए।




आफ्नै राज्यभित्र अल्पमतमा पर्न थालेपछि अरबहरूले १९३६ मा विद्रोह गरे। यो विद्रोहलाई शान्त पार्न ब्रिटिस प्रशासनले प्यालेस्टाइनलाई ३ भागमा बाँडिदियो। तर अरबहरूको कडा विरोधपछि यो योजना त्यत्तिकै खेर गयो। छुट्टै राज्य स्थापना हुने भएकाले यहुदीहरूले भने यस योजनालाई स्वागत गरेका थिए। प्यालेस्टाइनमा यहुदीहरूको आगमन बाक्लिन थालेपछि अरब राष्ट्रहरूले तीव्र रोष प्रकट गर्न थाले। प्यालेस्टाइन राज्यका अरब र यहुदी ब्रिटिस उपनिवेशवादलाई प्यालेस्टाइनबाट लखेट्न चाहन्थे। सन् १९४८ सम्म इजरायल नामको कुनै पनि राज्य एसियाको मानचित्रमा थिएन। दोस्रो विश्वयुद्धको समाप्तिपछि प्यालेस्टाइन समस्याको समाधान गर्न अभिभारा संयुक्त राष्ट्रसंघले लियो। सं.रा.संघले सन् १९४७ मा प्यालेस्टाइन भूमिमा यहुदी र अरबी दुई अलग राज्य स्थापना गर्ने निर्णय लियो। ब्रिटिस म्यान्डेटको म्याद समाप्त भइसकेको र राष्ट्रसंघले आफ्नो निर्णय लिनै लागेको मौका पारी अमेरिका र ब्रिटेनको आडमा सन् १९४८ को मे १४ मा तेल अबिबमा नयाँ इजरायली राज्यको घोषणा गरियो। घोषणाको ११ मिनेटपछि अमेरिका र ब्रिटेनले यसलाई वैधता स्वीकार गरे। ऐतिहासिक प्यालेस्टानी भूमि इजरायली नक्साभित्र यसरी कैद गरियो। प्यालेस्टानीहरू अब आफ्नै मुलुकमा शरणार्थी बन्न पुगे। यहुदी राज्यको स्थापनाले इजरायल र अरब राज्यहरूको बीचमा शत्रुता उत्पन्न भयो र सन् १९४९ मा अरब इजरायल युद्ध छेडियो।

इजरायललाई अमेरिकाले युद्ध खर्च र अत्याधुनिक अग्नियन्त्रको सहयोग गऱ्यो। इराक, सिरिया, लेबनान, साउदी अरब, मिश्र, जोर्डन आदि अरब मुलुकहरूले प्यालेस्टाइनलाई सहयोग गरे। उनीहरू प्यालेस्टाइनलाई अरबमा फिर्ता गर्न चाहन्थे। युद्धले लाखौंलाख प्यालेस्टानइहरू शरणार्थी बन्न पुगे। तीन लाख अरबीहरू इजरायलबाट विस्थापित गरियो। सन् १९४९ मा सं.रा.संघको अग्रसरतामा अरब राज्यहरू र इजरायलबीच युद्धविराम सम्झौता भयो। विस्थापित भएका अरबीहरूलाई इजरायलले पुनःस्थापना गर्न अस्वीकार गऱ्यो। बाँकी प्यालेस्टाइन भूमि पाएका २ लाख प्यालेस्टाइनलाई बसोबास गराउने इजरायलले नयाँ प्रस्ताव ल्यायो। सन् १९५९ मा इजरायल र ट्रान्स जोर्डनले परिकल्पित प्यालेस्टाइन भागबन्डा गरे। यसले ट्रान्स जोर्डनको भूमि वृद्धि भयो र जोर्डन नदीको पूर्व र पश्चिम दुवै मात्र प्राप्त भएपछि यसको नयाँ नाम नै जोर्डन रहन गयो।

सन् १९६७ मा इजरायल र अरब मुलुकहरूबीच भयंकर युद्ध भयो। सन् १९५६ मा मिश्रले स्वेज नहरमा इजरायली जहाजमाथि रोक लगायो र इजरायल, फ्रान्स र ब्रिटेनले मिश्रमाथि आक्रमण गरेका थिए। सन् १९७९ मा मिश्र र इजरायलबीच एउटा सम्झौता भयो। जसलाई क्याम्प डेभिड सम्झौताले जानिन्छ। यस सम्झौतामा पश्चिमी किनारा र गाजा क्षेत्रलाई स्वायत्तता प्रदान गर्ने, इजरायलले साइन नदी क्षेत्रबाट आफ्ना लडाकु दस्ता हटाउने आदि कुराहरू उल्लेख गरिएको थियो। तर यो सम्झौतालाई अरब राष्ट्रहरूले बहुपक्षीय नभएको भनी सहमति जनाए। सं. राष्ट्र संघको महासभाले पनि क्याम्पस डेभिड सम्झौताको भर्त्सना गऱ्यो।



राष्ट्रपति इसाइ र प्रधानमन्त्री मुसलमान हुन अनिवार्य देश लेबनानमा सन् १९७५ मा डरलाग्दो गृहयुद्ध भयो। यस गृहयुद्धमा शरणार्थी प्यालेस्टाइनहरूले मुसलमानहरूलाई साथ दिए। प्यालेस्टाइनहरूको स्थिति सुदृढ देखियो। तब इजरायलले १९७८ मा लेबनानमाथि आक्रमण गऱ्यो। अपरेसन लिटानी नाम जुन इतिहासमा परिचित छ। यसको उद्देश्य प्यालेस्टानीहरूको बढ्दो शक्तिलाई खत्तम गर्नु थियो। १९८२ मा लण्डनमा इजरायली राजदूत एलोमो अर्गभको हत्याको दोष प्यालेस्टाइनीहरूमाथि लगाइयो। लेबनानमाथि बम बारुद पडकाइए। प्यालेस्टाइन सैनिक अखडाहरू ध्वस्त गऱ्यो, इजरायलले। यहींबाट पीएओको कार्यालय ट्युनिसमा सारियो।

सन् १९६४ मा ४२२ जना प्रतिनिधि समावेश भएको प्यालेस्टाइनी राष्ट्रिय परिषद्ले प्यालेस्टाइन मुक्ति संगठन पीएओ स्थापना गऱ्यो। यहींदेखि आफ्नो मातृभूमिका लागि प्यालेस्टाइनीहरू संगठित रुपमा इजरायलविरुद्ध लड्न थाले। सन् १९६९ मा यासिर अराफातले पीएलओको अध्यक्षको पद सम्हाले। पीएलओले मुसलमान, यहुदी, इसाइहरू समान अधिकारका साथ रहन सक्ने राज्यको अवधारणा अघि साऱ्यो। इजरायलीहरूले प्यालेस्टिनीहरूमाथि हिंसात्मक क्रुर दमन चलाउने नीति लिएपछि प्यालेस्टाइनहरूले आफ्ना राज्यहरूलाई मुक्त गर्ने एउटै उपायको रुपमा सशस्त्र संघर्ष सञ्चालन गर्न थाल्यो। पीएलओलाई सन् १९७४ मा अरब लिगको शिखर सम्मेलनले प्यालेस्टाइनीको वैधानिक संगठनको रुपमा मान्यता दियो। संयुक्त राष्ट्र संघले पनि यासेर अराफतलाई साधारणसभामा पर्यवेक्षकको रुपमा निमन्त्रण गऱ्यो। यासेर अराफत एक हातमा जैतुनको हाँगो (शान्तिको प्रतीक) र स्वतन्त्रता सेनानीको बन्दुक बोकेर राष्ट्रसभालाई सम्बोधन गर्ने मौका पाए। उनको हैसियत अन्य राष्ट्राध्यक्ष सरह रह्यो।

राष्ट्रसंघले प्यालेस्टाइनीहरूको अस्तित्व स्वीकार गरी प्यालेस्टाइन भूमिबाट हट्न दबाब दिए पनि इजरायल टेरेन। न त इजरायल विरुद्ध सं.रा.संघले कुनै कडा कदम नै चाल्न सक्यो। आखिर सन् १९९३ सेप्टेम्बर १३ मा इजरायलले प्यालेस्टाइनीहरूको अस्तित्व स्वीकार गऱ्यो। नेता अराफत र इजरायली प्रधानमन्त्री इतयाजक रविनले अमेरिकी राष्ट्रपति बिल क्लिन्टनको पहलमा वाशिंगटन सम्झौतामा हस्ताक्षर गरे। यो सम्झौता अन्तर्गत इजरायलले सन् १९६७ मा हत्याएको भूमिमध्ये गाजा र जेरीको सहरलाई प्यालेस्टाइनी स्वशासनलाई सुम्पिने निर्णय गरियो। यही सम्झौताका कारण प्रम रविनले प्राण नै गुमाउनुपऱ्यो। हेब्रोन हत्याकाण्ड मच्चियो। अराफतलाई पनि फतहले राष्ट्रद्रोहीको संज्ञा दियो। इन्तिफादा आन्दोलन चलिरह्यो। वाशिंगटन सम्झौता पछि कार्यान्वयनमा ल्याउन इजरायलले कन्जुस्याइँ गऱ्यो। अहिले पनि जेरी सहरको आकार, यहुदी बस्तीहरूको सुरक्षा, प्यालेस्टाइनी प्रहरीहरूको संख्या पश्चिमी किनारमा राख्ने रक्षक आदि विषयलाई लिएर इजरायल र प्यालेस्टाइनबीच गोलाबारी भइरहेको छ। यद्यपि यसबेला सीमित रुपमा प्यालेस्टाइन राज्यको अस्तित्व रहेको छ। राष्ट्रपति मोहम्मद अब्बास छन्। तत्कालीन राष्ट्रपति यासेर अराफातलाई इजरायलीहरूले बिरामी भएका बेला मन्दबिष दिएर हत्या गराएको प्रसंग पनि निकै चर्चित रहेको छ। अराफातको चिहानबाट अस्थिपन्जर निकालेर परीक्षण समेत गरियो तर त्यसको परिणामबारे अझै सार्वजनिक तवरमा बाहिर ल्याइएको छैन। सिंगो प्यालेस्टाइन राज्यको स्थापना हुन अझै बाँकी छ।

*(एजेन्सीहरुको सहयोगमा)*

प्रेरक
## बालिकाको विश्वास



एकपटक एउटा हवाईजहाज युरोपबाट अमेरिकाको यात्रामा थियो । हवाईजहाज आन्द्रमहासागरमाथि उडिरहेको थियो । सबै यात्रु आआफ्ना धुनमा थिए । कोही किताब पढिरहेका थिए । कोही मस्त निद्रामा थिए । कोही विमानको झ्यालबाट बाहिरतिर हेरिरहेका थिए । कोही मोबाइलमा गेम खेलिरहेका थिए । कोही भने आफ्नो सिटअगाडिको स्क्रिनमा सिनेमा हेरेर समय बिताउँदै थिए ।

यत्तिकैमा विमानमा प्राविधिक गडबडी आयो । विमान असन्तुलित भयो । विमान एकैपटक निकै तल झर्‍यो । सबै यात्रुको सातो गयो । सबै डरले चिच्याउन थाले । सबै यात्रु आफूले जानेसम्मका देवीदेउता भाक्न थाले । कोही घरपरिवारका आफन्तलाई सम्झेर रून थाले । कोही एकअर्कालाई अँगालो मारेर अन्तिम बिदाइस्वरूप रून थाले ।

विमानको एक छेउको सिटमा एउटी अन्दाजी १२-१३ वर्षकी बालिका बसेकी थिइन् । उनी आरामले मोबाइलमा कुनै खेल खेलेर रमाउँदै थिइन् । विमानमा यस्तो कोलाहल मच्चिँदा पनि उनमा कुनै चिन्ता देखिन्नथ्यो । यस्तो लाग्थ्यो- उनले विमानमा मच्चिएको कोलाहल देखेसुनेकै छैनन् । संयोगले केही छिनपछि विमानको गडबडी आफैँ ठीक भयो र विमान स्थिर भएर आफ्नै मार्गमा उड्न थाल्यो । सबैले लामो सास लिए । भगवान्लाई हार्दिकतापूर्वक धन्यवाद दिए ।

एकआपसमा बधाई साटासाट गरे । ती बालिकासँगैको सिटमा बसेका एक यात्रुले उनीतिर हेर्दै प्रश्न गरे- नानी, विमानमा यति धेरै खलबली मच्चिँदा पनि तिमीलाई कुनै डर लागेन ? तिमी त आरामसाथ खेलमै मग्न देखिन्थ्यौ । तिमी कान त सुन्छ्यौ नि ? बालिकाले उनीतिर पुलुक्क हेर्दै जवाफ दिइन्- सुन्छु अंकल, मजाले सुन्छु । यात्रुले पुनः प्रश्न गरे- त्यसो भए विमानमा त्यति ठूलो खैलाबैला मच्चिँदा पनि तिमीले किन कुनै प्रतिक्रिया जनाइनौ त ? बालिकाले सहजतापूर्वक जवाफ दिइन्- यो विमान मेरा बाबाले उडाउँदै हुनुहुन्छ । र, उहाँ मलाई कहिल्यै कुनै दुःखमा पार्न सक्नुहुन्न । मलाई मेरो बाबामाथि पूरापूर विश्वास छ । त्यसैले म केही गलत हुन्छ कि भनेर कत्ति पनि डराइनँ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
प्रयत्न गर्दा ठूलो काम सम्पादन हुनेछ । छोटो समयमा राम्रो उपलब्धि हातपार्न सफल भइनेछ । स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । लाभांश बढ्नाले दैनिकीमा परिवर्तन आउनेछ । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु तथा प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ ।

### वृष
मेहनतले सम्मानित स्थान समेत दिलाउनेछ । मान-सम्मान प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ भने चिताएको काम समेत सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका पाइनेछ । बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ ।

### मिथुन
सहयोगीहरू प्रशस्तै भेटिनेछन् । रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला । विगतको सफलताले थप काम गर्न हौसला मिल्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ । मनग्य धन आर्जन गर्न सकिनेछ । विगतका कमीकमजोरीलाई पनि सुधार गर्ने अवसर प्राप्त हुनेछ । विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ ।

### कर्कट
अप्ठ्यारो काम थाल्नाले दिनभरि दौडधुप गर्नुपर्ला । कामले खर्च बढाउन सक्छ । सञ्चित रकम अरूलाई सरसापट दिनुपर्ने हुन सक्छ । अर्थअभावले सताउने समय छ । टाढाका साथीभाइसँग सम्पर्क भने बढ्नेछ । परिवारजनबाट टाढिनुपर्ला । अरूलाई समय दिँदा आफू पछि परिनेछ । करकापमा परी कुनै काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ । चिन्ताले केही पिरोल्ने छ ।

### सिंह
प्रयत्न गर्दा आयस्रोत बढाउन सकिनेछ । व्यापारमा अड्किएको रकम उठ्नेछ । भविष्यका लागि केही लगानी बढाउन सकिनेछ । तर अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन् । आंशिक फाइदा भए पनि काम पूरा गर्न अनुमानभन्दा बढी लगानी र समय लाग्नेछ । लाभांश अरूका लागि खर्चनुपर्ला । सरसापटमा पनि रकम बाहिरिन सक्छ ।

### कन्या
मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ । प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । सामाजिक कार्यले हौसला प्रदान गर्नेछ । मिहिनेतले उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । आँटले दिगो फाइदा उठाउन सकिनेछ । नाम, दाम र इनाम हातलागी हुनेछ । भविष्यका लागि काममा जग बसाउने मौका छ ।

### तुला
अरूको सहयोगमा जुट्नुपरे पनि आफैँलाई फाइदा हुनेछ । समाजमा तारिफयोग्य काम सम्पादन हुनेछ । मेहनतले राम्रै उपलब्धि दिलाउनेछ । रोकिएका काम समेत सम्पादन हुनेछन् । कर्मयोगले विशेष जिम्मेवारी दिलाउन सक्छ । सानो प्रयत्नले धेरैको भलाइ हुने काम शुभारम्भ हुन सक्छ । तर मेहनतको केही प्रतिफल अरूको हातमा पुग्न सक्छ, सजग रहनुहोला ।

### वृश्चिक
काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ । दिनभर दौडधुप गर्नुपरे पनि काम अधुरो रहला । पहिलेका समस्या दोहोरिनाले उत्साहमा कमी आउला । स्वास्थ्यमा कमजोरी देखापर्नुका साथै उपचारमा खर्च हुने योग छ । महत्त्वपूर्ण समय घरेलु समस्यामै अल्झनुपर्ला । हुलमुलमा धनमाल हराउन सक्छ, सचेत रहनुहोला । आय आर्जनका लागि निकै परिश्रम गर्नुपर्ने समय भएको छ ।

### धनु
दिन मनोरञ्जनपूर्ण रहनेछ । आतिथ्यपूर्ण सम्मानका साथ मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायका लागि यात्रा सम्भावना छ । सोख पूरा हुनुका साथै प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ । नयाँ ज्ञानले अध्ययनमा उत्साह जगाउनेछ । सुमधुर प्रेम वा दाम्पत्यले प्रफुल्लित भइनेछ । आम्दानी प्रशस्तै बढ्नेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ ।

### मकर
आलस्य गर्ने बानीले समस्या निम्त्याए पनि मेहनतीहरूका लागि समय उत्साहजनक रहनेछ । सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ । भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ । लामो यात्राको प्रक्रिया अघि बढ्नेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्त गर्न सकिनेछ । मेहनतका साथसाथै गोपनीयतामा ध्यान पुर्‍याउनुहोला ।

### कुम्भ
सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्न सक्छ । मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्ने योग छ । सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ । स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला ।

### मीन
आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन् । अरूको विश्वास गर्दा धोका हुन सक्छ । कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त भइनेछ । धेरै फाइदा नहुने काममा समय बित्नेछ । नजिकका आफन्त, साथीभाइ टाढिन सक्छन् । दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको काम बनाउन सकिनेछ । नयाँ काम पाउने र नयाँ ठाउँमा सरुवा हुने योग छ । सफलता मिल्ने र साथीभाइबाट सहयोग मिल्नेछ ।

# जन्मभूमिप्रति चाणक्य



युनानका सम्राट सेल्युकसले भारतमाथि आक्रमण गरे । त्यसबेला मगध राज्य शक्तिशाली राज्यको रुपमा रहेको थियो । अहिलेको पटना तिनताक पाटलीपुत्रमाथि पनि मगधकै आधिपत्य थियो । मगधका सम्राट थिए वीर चन्द्र गुप्त मौर्य र प्रधानमन्त्री थिए चाणक्य । चाणक्यको बुद्ध नीतिका अघि सम्राट सेल्युकस पराजित भए । उनलाई बन्दी बनाइयो । सम्राट सेल्युकससँगै उनकी छोरी राजकुमारी हेलेन पनि बन्दी बनाइन् । दुवैलाई पाटलीपुत्रमा कैद गरियो ।

केही दिनपछि नै मगध नरेश चन्द्रगुप्त र प्रधानमन्त्री चाणक्य पटना भ्रमणमा आए । त्यहाँ युद्धमा पराजित युनानी सम्राट सेल्युकस र राजकुमारी हेलेनलाई बन्दीका रुपमा राखिएको थियो । नरेश चन्द्रगुप्त केही अघि पटना पुगे । उनको भव्य स्वागत गरियो । केहीपछि प्रधानमन्त्री चाणक्य पनि त्यहाँ पुगे । सबै मानिसहरू चाणक्य आएकोमा बेहद खुसी भए । उनको स्वागतमा जनताले कुनै कसर बाँकी राखेनन् ।

चाणक्य भने राजा चन्द्रगुप्त राज भएको ठाउँतिर गएनन् । उनी त बन्दी युनानी सम्राट सेल्युकसलाई भेट्न पो बन्दीगृहतिर लागे । चाणक्यले झुकेर सेल्युकसलाई अभिवादन गरे र सोधे महाराज सन्चै हुनुहुन्छ ? सेल्युकसले भने मलाई किन गिज्याउनुहुन्छ तपाईं ? म बन्दी छु भनेर तपाईंलाई थाहै छ फेरि सन्च बिसन्च के सोध्नुहुन्छ ?

चाणक्यले भने, महाराज मैले अनादर गर्न खोजेको होइन, युनान र भारतबीचको सम्बन्ध सधैं राम्रो होस् भन्ने मेरो चाहना छ । तपाईंलाई बिसन्च भयो भने मैले सोचेको कुरा अलि ढिलो हुन्छ । मित्रताका लागि तपाईं केही काम गर्नुपर्नेछ । चाणक्यको कुरा सुनेर राजा सेल्युकस छक्क परे र उनले चाणक्यसँग सोधे, कस्तो मित्रताको लागि मैले काम गर्नुपर्‍यो ? म बन्दी छु, मैले के नै गर्न सक्छु र ? चाणक्यले सहजताका साथ प्रस्ताव राखे, महाराज, राजकुमारी हेलेनको विवाह हाम्रा राजा चन्द्रगुप्तसँग गराइपाउँ । राजा सेल्युकसले आफूलाई बन्दी बनाएर आफ्नी छोरी अपहरण गर्न लागेको आरोप चाणक्यमाथि लगाउन पछि परेनन् । फेरि पनि चाणक्यले हार खाएनन् । उनले युनान र भारतबीचको मित्रताका लागि यो विवाह सेतु बन्ने बताए सेल्युकसलाई । अनि उनले अर्को पनि रहस्य खोलिदिए राजकुमारी हेलेन पनि राजा चन्द्रगुप्तलाई भित्रभित्रै मन पराउँछिन् भन्ने ।

राजा सेल्युकसले राजकुमारीलाई बोलाउन लगाए र चाणक्यले भनेको कुरा पनि सत्य हो भनेर सोधे । राजकुमारीले पनि राजा चन्द्रगुप्तले आफूलाई मन पराएको र आफूले पनि उनलाई एक असल राजाको रुपमा लिएको बताइन् । छोरीको इच्छाअनुसार आफू विवाहको लागि राजी भएको सेल्युकसले चाणक्यलाई सुनाए । यो खुसीको खबर लिएपछि मात्र चाणक्य राजा चन्द्रगुप्त विराजमान भएको ठाउँमा गए । उनले चन्द्रगुप्तको मनशाय बुझिसकेका थिए र पनि चन्द्रगुप्तलाई भने, राजन अब राजकुमारी हेलेनलाई हाम्री रानी बनाउनुपर्छ । राजा चन्द्रगुप्त फिस्स हाँसे । यो खबर अन्यलाई पनि सुनाए चाणक्यले । तर भोलिपल्ट ब्राह्मणहरूको एउटा हूल नै चाणक्यविरुद्ध उत्रियो । उनीहरू यो विवाहको विरोधमा थिए । चाणक्यसामु आएका ब्राह्मणहरूले चाणक्यलाई भन्न थाले, गुरु यो विवाह हुन सक्दैन । यो विजातीय विवाह हुनेछ । सन्तानहरू वर्णशंकर पैदा हुनेछन् । हाम्रो जातीय पहिचान नै मेटिनेछ । भाषा मिल्दैन, संस्कार मिल्दैन, धर्म मिल्दैन ।

चाणक्यले ब्राह्मणतर्फ फर्केर भने, मैले तपाईंहरू सबैको जन्मकुण्डली जानेको छु । को कति पानीमा हुनुहुन्छ म सभामा पोल खोलिदिन्छु । तपाईंहरू कत्तिको धर्मको पक्षमा हुनुहुन्छ, प्रजाले थाहा पाउनेछन् । आचार्य चाणक्यको चेतावनीले ब्राह्मणहरू चुपचाप भए । चाणक्य ज्योतिष विधाका पनि ज्ञाता थिए । उनले ब्राह्मणलाई सम्झाए, हाम्रो सबभन्दा ठूलो धर्म हो, मातृभूमिको रक्षा गर्नु । देशको पहिचान नै सबै जनताको पहिचान हो । देश नै नरहे हाम्रो जातीय पहिचान कसरी रहन्छ ? सधैं युनानसँग दुश्मनी मोलेर भारतको रक्षा हुन सक्दैन । देशको हितका निम्ति यो विवाहले सन्धिको काम गर्नेछ । युनान आक्रमणको खतराबाट भारत सधैंलाई मुक्त हुनेछ । मातृभूमिभन्दा धर्म संस्कृति र जातजाति कहिल्यै ठूलो हुन सक्दैन ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Disinterested = तटस्थ, निस्वार्थी The only disinterested persons if work keeping in mind the professional ethics are journalists पेसागत धर्मलाई साक्षी राखी काम गर्छन् भने पत्रकारहरू जस्तो तटस्थ र निस्वार्थी अरु कोही हुन सक्दैन ।

Exult = रमाइलो गर्नु We should exult if our team won the match हाम्रो टिमले म्याच जित्यो भने हामीले रमाइलो गर्नु पर्दछ ।

Fruition = प्राप्ति, उपलब्धि, फल The completion of the project marks the fruition of our hard work यो योजनाको सफल कार्यान्वयन हाम्रो कडा परिश्रमको फल हो ।

Gustatory = स्वादिलो The gustatory menu of this restaurant has attracted many coutumers यो रेस्टुराँको स्वादिलो खानाको सूचीले गर्दा धेरै उपभोक्ताहरू यस रेस्टुराँप्रति आकर्षित भएका छन् ।

Holocaust = आगजनीबाट भएको क्षति The city was totally destructed by the holocaust पुरै सहर आगजनीबाट ध्वस्त भएको थियो ।

Indolent = अल्छी Since heavy lunch makes me indolent, I prefer light meal during day time दिउँसोको टन्न खानाले मलाई अल्छी बनाउँछ, त्यसैले म दिउँसोको बेला हलुंगो खाना मनपराउँछु ।

Loutish = अश्लिल पाराको She does not like his loutish behaviour उनी उसको अश्लिल व्यवहार मनपराउँदिनन् ।

Muse = गहिरिएर सोच्नु While musing about the past, he ignores everything around him जब जब ऊ बितेका दिनतर्फ गहिरिएर सोच्न थाल्छ आफ्नै वरिपरिको कुराहरूको पनि उसलाई वास्ता हुँदैन ।

Niggardly = नाम मात्रको Hundred rupees a month of a niggardly pittance to the elders has no meaning जेष्ठ नागरिक भनी दिइएको महिनाको १०० रुपैयाँको नाम मात्रको भत्ताको कुनै महत्व छैन ।

Overbearing = आफ्नो इच्छा अरुमाथि लाद्ने बानी, लिँडेढिपी गर्ने बानी As he did not like the overbearing manner of his girlfriend, he broke the friendship आफ्नो केटी साथीको लिँडेढिपी गर्ने बानीले गर्दा उसले उनीसँगको मित्रतालाई त्याग्यो ।

# Close बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

**Cross** बाट के के कुरा भन्न सकिन्छ थाहपाई राख्नुहोस

Cross something = तर्नु Te river is deep No one can con cross this river, it is deep कसैले पनि यो नदी तर्न सक्दैन गहिरो छ ।

Cross something = दुई धर्को तान्नु As I have crossed this cheque, you can have payment only through your account मैले यो चेकमा दुई धर्को तानेको (क्रस गरेको) छु तिम्रो खातामा जम्मा भएपछि मात्रै भुक्तानी हुन्छ ।

Cross something = आशा गर्नु I am crossing my fingers that my proposal will be accepted मेरो प्रस्ताव अनुमोदन हुन्छ भन्ने आशा गरिरहेको छु ।

Cross from…to = देखिसम्म पार गर्नु To reach England from France one had to cross strait from Dover to Calais फ्रान्सबाट बेलायत पुग्नको लागि डोभरदेखि कालेएसम्मको समुद्री गल्छी पार गर्नु पर्थ्यो ।

Cross outside = बाहिर पारेर जानु This road crosses just outside the village यो सडकले गाउँलाई ठ्याक्कै बाहिर पारेर जान्छ ।

Cross each other = जम्काभेट हुनु We cross each other always on the way हाम्रो एक अर्कासँग सधैं बाटोमा मात्रै जम्काभेट हुन्छ ।

Cross in = खसाल्नु We have crossed our letter in the post हामीले हाम्रो चिठी हुलाकमा खसालेका हौं ।

Cross somebody = पछाडि पार्नु She crosses me in everything जे कुरामा पनि तिनले मलाई पछाडि पार्छिन ।

Cross with something = मिश्रण गर्नु If you cross a horse with ass, pony comes out तिमीले घोडालाई गधासँग मिश्रण गर्‍यौ भने खच्चड पैदा हुन्छ ।

Close up for = केही कुराका लागि रोक्नु Now they have closed up for lunch दिउँसोको खानाको लागि भनेर तिनीहरूले काम रोकेका हुन् ।

Cross somebody's something = बाधा नपुर्‍याउनु I have decided not to cross her plan मैले उनको योजनामा बाधा नपुर्‍याउने निर्णय गरेको छु ।

# चलचित्र काँडेतार प्रदर्शनमा रोक




काठमाडौं । सीमा समस्या विषयमा निर्माण गरिएको नेपाली चलचित्र 'काँडेतार' केन्द्रीय चलचित्र जाँच पास समिति (सेन्सर बोर्ड) ले रिलिजको अनुमतिमा रोक लगाएको छ । यस चलचित्र सेन्सर बोर्डले सेन्सर पास गरेको छैन । सिनेमाका थुप्रै दृश्य नकाटेसम्म सेन्सर पास गर्न नसकिने बोर्डले जनाएको छ । सेन्सर बोर्डले सम्बन्धित दृश्य नहटाएसम्म सेन्सर पासको प्रमाणपत्र नदिने जनाएको छ ।

यस चलचित्रका विभिन्न संवाद र दृश्यमा सेन्सर बोर्डले आपत्ति जनाई थप छलफल गर्नुपर्छ भनी सेन्सर सर्टिफिकेट नदिएको यो चलचित्रका निर्माता एवं अभिनेता नवल खड्काले बताएका छन् । सिनेमा प्रदर्शनी अनुमति नदिएको' निर्माता खड्काले भने, 'यस सेन्सर बोर्डसँगको अनौपचारिक, औचारिक कुरामा कुनै पनि दृश्य र संवादमा कैंची नचलाई चलचित्र प्रदर्शन गर्न मैले अनुरोध गरेको छु । आशा छ, सरकारले जनताको देशभक्तिपूर्ण भावना बुझी काँडेतार चलचित्र प्रदर्शन गर्न सर्टिफिकेट दिनेछ भन्नेमा हामी आशावादी छौं ।'

निर्माता अभिनेता खड्काले सेन्सरको प्रमाणपत्र नदिएको खण्डमा न्यायका खातिर आफू अदालत जाने, जनता, दर्शक साथ, सहयोग माग्ने बताएका छन् ।

अभिनेता खड्काले सीमा सुरक्षित हुनुपर्छ भन्ने आवाज यो फिल्ममा उठाएको बताएका छन्, 'कुनै पनि दृश्य वा संवाद नकाटिकनै जस्ताको त्यस्तै दर्शकसामु पुर्‍याउनुपर्छ भन्ने हाम्रो माग रहेको छ,' खड्काले दर्शकलाई आश्वस्त रहन अनुरोध गर्दै आफूले सिनेमामा जायज कुरा मात्र उठाएको बताएका छन् ।

अभिनेता खड्काको यसअघिको चलचित्र भिमदत्त र दशगजालाई पनि सेन्सरले रोकेको थियो । ती दुवै सिनेमाको लामो कसरतपछि बल्ल सेन्सर भएको थियो । अहिलेको चलचित्र काँडेतारलाई सेन्सरले भनेअनुसारको दृश्य काट्ने हो भने देखाउनुपर्ने विषय केही बाँकी नरहने खड्काले बताएका छन् । यस चलचित्रलाई शिवम् अधिकारी र नवल खड्काको लेखेका हुन् । चलचित्र सेन्सर पास भएपछि मात्र रिलिज मिति तय गर्ने पनि उनले बताए ।

काँडेतार चलचित्रका निर्माता माकिको राई र अन्जु केसी रहेका छन् भने कार्यकारी निर्माता गायिका सत्यकला राई हुन् । चलचित्रमा श्री श्रेष्ठको द्वन्द्व निर्देशन, कविराज गहतराजको नृत्य निर्देशन, सौरभ लामाको छायांकन, मणि थापा र दीपक शर्माको संगीत, बन्दे प्रसाद र तारा थापा (किम्भे) को सम्पादन रहेको छ ।

चलचित्रमा नवल खडकासँगै, गौरभ पहाडी, सुरविना कार्की, रेबिका गुरुङ, प्रशान्त यादव, मुरलिधर, प्रेम सुब्बा, सञ्जय खतिवडा, पुष्प श्रेष्ठ रोमियन लिम्बू, केशव रायामाझी, राजेन्द्र भगत, पर्शुराम चौधरी, पन्नालाल सिक्दार, महेश गिरी, खेम नेपाली, राम विश्वास, नादिया खड्का र सनया खड्काको अभिनय रहेको छ ।

## सुडोकु-अंक २९९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | ८ | | ५ | | २ | | |
| | | ९ | | | ६ | | | ७ |
| | ४ | ७ | | | | | | |
| | | | | | | ८ | ९ | |
| | ५ | | | १ | | | ३ | |
| | १ | २ | | | | | | |
| | | | | | | ५ | ६ | |
| ४ | | | ७ | | | १ | | |
| | | ६ | | ४ | | ९ | | ३ |

## अंक २९८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८ | ३ | २ | ६ | ५ | ९ | ७ | ४ |
| ७ | २ | ६ | १ | ९ | ४ | ३ | ५ | ८ |
| ९ | ५ | ४ | ८ | ७ | ३ | २ | १ | ६ |
| ३ | ४ | १ | ६ | ८ | ९ | ५ | २ | ७ |
| ५ | ७ | ९ | ४ | ३ | २ | ६ | ८ | १ |
| ८ | ६ | २ | ५ | १ | ७ | ४ | ३ | ९ |
| २ | ३ | ८ | ७ | ४ | ६ | १ | ९ | ५ |
| ४ | ९ | ७ | ३ | ५ | १ | ८ | ६ | २ |
| ६ | १ | ५ | ९ | २ | ८ | ७ | ४ | ३ |

# Mindulle (dandelion) Notebook Factory



Our country is further strengthening national nuclear forces both in quality and quantity against ever-increasing politico-military provocations of hostile forces aimed at infringing upon our sovereignty and dignity. Such being the situation, people wouldn't easily believe if there is a factory in our Republic which is more important than the one that makes nuclear weapons.

That is the Mindulle (dandelion) Notebook Factory which was built by the noble love for future cherished by respected Comrade **Kim Jong Un**.

There is a touching story telling how this factory became more important than the one that makes nuclear weapons, one of the indices determining the strategic position of a country.

Respected Comrade **Kim Jong Un** personally initiated the construction of a notebook factory for our children and schoolchildren and solved all the problems arising in its construction. Then, he visited the newly-built Mindulle Notebook Factory on April 18, 2016.

He acquainted in detail with the notebook production while looking around sample display room, room dedicated to the history of the factory, printing workshop and bookbinding workshop. He expressed satisfaction all along as he was very pleased over the fact that our children and schoolchildren can be provided with high-quality notebooks.

Saying that we have built a modern notebook factory at the time when the sanctions of enemies reached to extremes, he continued that it stands as a clear testimony to our Party's policy on education of future generations. He proudly said that the Mindulle Notebook Factory is the one that implemented the behests of President **Kim Il Sung** and Chairman **Kim Jong Il**, our Party pays much attention to this factory, and that this factory is his notebook factory.

Respected Comrade **Kim Jong Un** solved all the problems arising in the production of notebooks such as expanding the production capacity, supplying enough raw materials and resources for production and improving the level of technique and skills of employees. Saying that the notebooks produced at this factory brings the future of our country, respected Comrade **Kim Jong Un** said that the future thriving Korea belongs to our children who would grow up into the pillars of the country, using these notebooks. Then he warmly said that the Mindulle Notebook Factory, in this sense, can be regarded as a factory more important than the nuclear weapons plant.

Before leaving the factory, respected Comrade **Kim Jong Un** earnestly said that officials and employees of the factory should do their best for the production of notebooks with the same hearts of mothers who bind notebooks for their lovely children.

"A factory more important than nuclear weapons plant", "with the hearts of mothers who bind notebooks for their lovely children". These words encapsulate the noble view on posterity and future cherished by respected Comrade **Kim Jong Un** who regards the future generations as the most precious treasure of the country, and as the entirety of hope and future.

Thanks to the fraternal love of respected Comrade **Kim Jong Un** who desires to provide our children and schoolchildren with the best conditions and environment for education in the world, the Mindulle Notebook Factory is now continuing to produce high-quality notebooks even in the throes of the worst ever difficulties in history.


# Housing Construction: Top Priority Task in the DPRK



Part of 10 000-flat residential quarters inSonghwaStreet inaugurated in April 2022



Inauguration ceremony on April 16 this year of 10 000 flats built as the first stage in the Hwasong area













At its Eighth Congress held in 2021, the Workers' Party of Korea, the ruling party of the Democratic People's Republic of Korea, set it as a major goal of the new five-year plan to build 50 000 flats in Pyongyang, the capital city.

In April 2022, 10 000 flats were inaugurated in the Songsin and Songhwa area as the first entity, showing its efforts to attain the goal.

On April 16 this year, another 10 000 flats were inaugurated as the first stage in the Hwasong area, the second stage of the 50 000-flat construction project in Pyongyang.

All these are fruition of the spirit of absolute and unconditional service for the people, the view on the people, of the WPK that regards the work of bringing wellbeing to the people as its top priority task and has set it as something it aspires to do to provide the citizens of the capital with more stable and cultured living conditions.

## विशाल नेपाल...

लैजान सानोतिनो प्रयासले सम्भव नहुने भएकाले सबै अभियन्ताहरू एकै ठाउँमा उभित आवश्यक रहेको उहाँले बताउनुभयो ।

विशाल नेपाल अभियान अघि बढाउन विभिन्न राजदुतावास, अन्तर्राष्ट्रिय नियोगहरूमा पत्राचार गर्नेदेखि लिएर पुस्तक प्रकाशन गर्ने, पत्रपत्रिकाहरूमा लेख लेख्ने, आफ्नै खर्चमा ग्रेटर नेपाल पत्रिका ११ वर्ष अघिदेखि निरन्तर प्रकाशित गर्ने, गोष्ठी सेमिनार गर्ने, सामाजिक सञ्जालहरूमा बोल्ने, लेख्ने कामलाई निरन्तरता दिएकै कारण देश विदेशमा ठूलो संख्यामा समर्थक बढिरहेको भन्दै ढकालले अब हामी सबै मिलेर व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रियताको लागि लड्ने महाअभियानमा जुट्न आवश्यक रहेको बताउनुभयो ।

ग्रेटर नेपाल अभियानमा लामो समय खर्चिसक्नुभएका अर्का अभियन्ता तथा ग्रेटर नेपाल मोर्चाका अध्यक्ष रामशरण पाण्डेले ग्रेटर नेपाल महाअभियानको पक्षमा आफ्नो अवधारणा प्रस्तुत गर्दै भोलि यो अभियानले ग्रेटर नेपालको मुद्दाका अतिरिक्त मुलुकमा व्याप्त रहेको भ्रष्टाचार, संकटमा पर्दै गएको राष्ट्रियता, भारतबाट पछिल्लो चरणमा अतिक्रमित नेपाली भूमिलगायत विषयमा दह्रो आवाज र संघर्षका कार्यक्रम अघि सार्नुपर्छ भन्नुभयो । मुलुकलाई आर्थिक रुपमा सम्पन्न बनाउन र युवा शक्तिलाई विदेश पलायन हुनबाट रोक्न सके मात्र राष्ट्रियता बलियो बन्ने उहाँको धारणा थियो । अब सानातिना मतभेद र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्र, राष्ट्रियताका लागि योगदान पुऱ्याउने 'विशाल नेपाल महाअभियान' मा जोडिन उहाँले सबैलाई आग्रह गर्नुभयो ।

नेपालको राष्ट्रियतासँग गाँसिएका फरक ढंगका चलचित्र निर्माण गरी सिने जगतमा छुट्टै पहिचान बनाउनुभएका नायक तथा चलचित्र निर्माता निर्देशक नवल खड्काले विशाल नेपाल महाअभियानको पक्षमा आफ्नो अवधारणा प्रस्तुत गर्दै आफूले राष्ट्रवादी चलचित्र निर्माण गर्दा भोग्नुपरेका समस्या पनि राख्नुभएको थियो । उहाँले दशगजा चलचित्र निर्माण गर्दा आफूलाई पाँच करोडसम्मको अफर गरी चलचित्र रोक्न गरेको प्रस्ताव अस्वीकार गर्दा ज्यान मार्ने धम्कीको सामना गर्नुपरेको बताउनुभयो । नयाँ निर्माण भएको चलचित्र काँडेतार प्रदर्शनमा त्यस्तै समस्या झेल्नु परिरहेको भन्दै विशाल नेपाल आन्दोलनका सच्चा देशभक्त साथीहरूको साथ सहयोगले आफूमा थप ऊर्जा आँट साहस थपिरहेको नायक खड्काले बताउनुभयो । विशाल नेपाल महाअभियानमा जोडिएर काम गर्न आफू तयार रहेको प्रतिबद्धता उहाँले जाहेर गर्नुभयो ।

विश्व हिन्दु युवा संघका अध्यक्ष ऋषिकेश जंग शाह, डा.डेभिड थापा, केदार गिरी, नवराज शर्मा, सिद्धि महर्जन, कृष्ण राना, विवेक वाइवा, विष्णु भट्टराई, कविता आचार्य, घनश्याम मिश्रलगायतका विभिन्न संस्थाका प्रतिनिधिहरूले विशाल नेपाल महाअभियानका पक्षमा आफ्नो अवधारणा प्रस्तुत गर्नुभएको थियो । बैठकमा तेजेन्द्र प्रसाईंले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । विशाल नेपाल महाअभियानले आगामी बैठकमा थप सदस्यहरू जोड्दै अझ विस्तार गर्दै लैजाने र विधान मस्यौदा समितिको गठन गर्ने निर्णय गरेको छ ।

विशाल नेपाल महाअभियानको सुरेन्द्र ढकालको संयोजकत्वमा नवगठित तदर्थ समितिका सदस्यहरूमा रामशरण पाण्डे, नवराज शर्मा, नवल खड्का, कृष्ण राना, विवेक वाइवा, ऋषिकेशजंग शाह, तेजेन्द्र प्रसाइ, सिध्दि महर्जन, उपेन्द्र काफ्ले, घनश्याम मिश्र, प्रदीप कुमार प्रसाइ, डा. डेभिड थापा, कमल सापकोटा, कविता आचार्य, चांदनी ऐर, गौरव जोशी, गोविन्द श्रेष्ठ, बलराम सुवेदी, केदार गिरी, प्रेम प्रसाद अंगाइ, चन्द्र बहादुर दर्जि र मदन वास्तोला रहनुभएको छ ।

## सुरेन्द्र...

प्राप्ति भन्ने कुरा नेपालको समृद्धिसँग जोडिएको र टिस्टा काँगडाका जनता जुन बेला भारतको औपनिवेशिक शासनबाट मुक्त हुन चाहन्छन् त्यति बेला मात्र सम्भव हुन्छ भन्ने हाम्रो दृष्टिकोण रह्यो । जसरी पश्चिम जर्मनी समृद्ध हुँदा पूर्व जर्मनीका जनताले वर्लिनको पर्खाल भत्काइ पश्चिमसँग आफूलाई एकत्रित गरे, त्यसै गरी नेपाल भारतभन्दा बढी समृद्ध भयो भने मात्रै विशाल नेपाल प्राप्त हुन्छ भन्ने सोचअनुरुप हामी अगाडि बढ्यौं । यस क्रममा पत्रपत्रिकामार्फत, किताब प्रकाशन गरेर विशाल नेपालको पक्षमा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा जनमत निर्माण गर्ने कार्य निरन्तर रुपमा चल्दै आयो । फलस्वरुप अहिले विशाल नेपाल चाहने व्यक्ति र संगठनहरूको संख्यामा ठूलो वृद्धि भएको छ । मेची महाकालीभित्रको नेपालमा मात्रै सीमित नरही विशाल नेपाल अभियान विस्तारै टिस्टा काँगडा क्षेत्रमा पनि तन्किदै गइरहेको हामीले दखिरहेका छौं ।

भारत भन्ने देश इतिहासमा कहिले पनि एकिकृत थिएन । अंग्रेजहरूले उपनिवेश बनाउने क्रममा भारतका राजा रजौटाहरूका भूमिलाई सैनिक हस्तक्षेप गरी आफूमा मिलाउँदै जाँदा भारत भन्ने देश बन्न गएको हो । तसर्थ स्थानीय शक्तिले भारत एकिकरण गरेको नभएकै कारण कास्मिर, पंजाव र बंगालमा स्वतन्त्रताको अभियान चल्दै आइरहेको हामीले देखेका छौं भने दार्जिलिङमा भइरहेको गोर्खालैण्डको आन्दोलन पनि बेलाबखत शसक्त हुँदै गइरहेको तथ्य हाम्रो अगाडि छ ।

अंग्रेजले भारत छोडेर जाँदा भारत र पाकिस्तान गरी दुई स्वतन्त्र देश बनाएर गए तापनि कालान्तरमा बंगलादेशको अभ्यूदय हुन गएबाट अब आउँदा दिनहरूमा अंग्रेजले एकिकृत गरेको भारत अरु टुक्राहरूमा विभाजन नहोला भन्न सकिन्न । हालको भारतभित्रै पुनः स्वतन्त्र खालिस्तान आन्दोलन सुरु हुनु, कास्मिरमाथि मोदी सरकारले गरेको ज्यादतीको अन्तर्राष्ट्रिय रुपमा विरोध हुनु, भारतमा रहेका मुस्लिम र क्रिश्चियन समुदायहरूले असुरक्षित महसुस गर्नु, अरुणाचल प्रदेश दक्षिणपूर्वी तिब्बतको भाग भएको भन्दै चीनले त्यहाँ आफ्नो सामरिक कुटनीतिलाई सकृय बनाउनुले भारतको विखण्डन हुने सम्भावनाहरू दिनपरदिन बढ्दै गइरहेको हुँदा भारतको टुक्रने क्रमसँगै विशाल नेपाल बन्ने बलियो सम्भावना हामीले देखेका छौं ।

नेपाल आर्थिक रुपमा भारतभन्दा सवल नभएकै अवस्थामा पनि टिस्टा काँगडा क्षेत्रमा रहेका देशभक्त नेपालीहरू स्वतन्त्र पहिचानका लागि नेपाल आई यतै बस्ने गर्दछन् । सूर्यविक्रम ज्ञवाली, लैनसिंह वाङदेल, अम्बर गुरुङ, गोपाल योन्जनलगायत सयौं यस्ता पात्रहरू छन् जसले आफूलाई कहिले पनि भारतीय नेपाली भन्न रुचाएनन् । यो क्रम नेपालले आफूलाई आर्थिक, सांस्कृतिक अनि सामरिक क्षेत्रमा भारतभन्दा बढी विकसित गर्दै लगेको खण्डमा अझै तीव्र हुनेछ । जब टिस्टा काँगडा क्षेत्रका जनताले चन्द्र सूर्य अंकित स्वतन्त्र झण्डा उचाल्नेछन् त्यतिखेर संसारका कुनै शक्तिले पनि विशाल नेपाल बन्ने कुरालाई रोक्न सक्तैन ।

हामी के कुरामा विश्वास गर्छौं भने विशाल नेपाल प्राप्ति राष्ट्रिय अन्तर्राष्ट्रिय अदालतमा मुद्दा मामिला गरेर प्राप्त हुन सक्तैन । उदाहरणका रुपमा कास्मिरलाई हेर्दा हुन्छ । त्यहाँको समस्या जनमत संग्रह गरेर सल्टाउनुपर्छ भन्ने संयुक्त राष्ट्र संघलगायत ठूलो अन्तर्राष्ट्रिय जनमत हुँदाहुँदै पनि भारतले त्यसको स्वायत्ततालाई मानेको छैन । बरु झनझन् त्यसको स्वायत्तता सीमित गर्दै लगेको छ । जुन दिन सिंगो कास्मिरी जनता एक हुन्छन् त्यतिखेर उनीहरूको स्वतन्त्रतालाई कसैले रोक्न सक्तैन । हामी पनि टिस्टा काँगडाका नेपालीसँग एकाकार हुने दिनको पर्खाइमा छौं, त्यो भनेको कुरा नेपाल समृद्धिसँग जोडिएको छ । तसर्थ विशाल नेपालको कुरा गर्दा राष्ट्रवाद, पर्यावरणप्रेमी विकास, जनजीविका, सुशासन र आर्थिक समृद्धिलाई एकैसाथ काँधमा बोक्नुपर्छ भन्ने हाम्रो धारणा हो र यही धारणामा विश्वास गर्ने सबै संगठन र व्यक्तित्वहरू अब एकै छातामुनि आई प्रभावकारी रुपमा कार्य गरी विशाल नेपाल अभियानलाई टिस्टा काँगडामय बनाउनुपर्दछ भन्ने हामीलाई लागेको छ । यसैकारण त्यस्तो सम्भावनाको खोजी गरौं भनेर आज हामी यहाँ जम्मा भएका छौं । तसर्थ यस भेलामा आफ्नो भनाइ राख्दा निम्न कुराहरूमा केन्द्रित हुन हामी सबै सहभागीहरूलाई हार्दिक अनुरोध गर्दछौं ।

१) हाल विशाल नेपाल एकिकृत महाअभियानको खाँचो छ वा छैन ? २) छ भने त्यस्तो मोर्चाको आकर्षक नाम के हुन सक्छ ? ३) त्यस्तो मोर्चा अभियानमा मात्रै सीमित हुन्छ कि हुँदैन ? भोलि गएर त्यस्तो मोर्चाले चुनावी स्वरुप पनि लिन्छ कि ? ४) मोर्चा बन्छ भने त्यसको कार्यक्रम संचालन गर्न आवश्यक स्रोत संकलन र खर्च कसरी हुन्छ ? ५) मोर्चा एकपदीय वा बहुपदीय कस्तो गर्दा राम्रो हुन्छ ? ६) विविध ।

## खुला...

वरडाँगा गाविसमा पर्ने लुनानदी क्षेत्रमा भारतले नेपालको एक किलोमिटर भूखण्ड मिची सर्भे गरेर आफ्नो तलुकवालालाई प्रवितेदन दिएको छ भने नेपालले चाहिँ भारतीय दावीभन्दा एक किलोमिटर दक्षिण सीमारेखा जान्छ भनी जिकिर गरेको छ ।

यस्तै दुई देशका बीचको कतिपय स्थानमा हुनै नसक्ने अथवा मान्नै नसकिने नक्कली प्रकारको खोटा सिमाना पनि देखिन्छन् । उपमाको निमित्त उल्लेख गर्नुपर्दा भद्रपुर क्षेत्रको ज्यूँदो जंगे स्तम्भहरूले बनाएको दृश्य रेखाको सक्कली सिमानाको बदलामा ३ हजार फिट नेपालतिर च्यापी नयाँ पुड्का खम्बाहरू गडी खोटा सिमाना अंकन गरेको पाइन्छ ।

नेपाल र भारतका बीच खुला सिमाना रहनु अर्थात् भनिनुको कारण सन् १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धिको दफा ७ का केही शब्दहरू रहेका छन् । यस दफामा 'नेपाल सरकार र भारत सरकारले आफ्ना राज्य क्षेत्रमा रहेका अर्को मुलुकको रैतीलाई निवास, सम्पत्तिको भोग, व्यापार, वाणिज्यमा भाग लिन, चलफिर गर्न र अरु यस्तै प्रकारका विशेषाधिकारहरूका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार दिनलाई कबुल गर्छन् ।' भन्ने उल्लेख छ । यस दफामा उल्लेख भएका बुँदाहरूमध्ये केहीलाई नेपालले अवलम्बन गरेको पाइँदैन । जस्तो भारतीय नागरिकहरूले नेपालमा जग्गा जमिनको स्वामित्व ग्रहण गर्न सक्दैनन् । अब कुरा रहयो चलफिर गर्न समान विशेषाधिकार दिइरहने या अन्य विशेष व्यवस्था गर्ने अथवा खुला सिमाना राखिरहने या अन्य वैकल्पिक व्यवस्था गर्ने ।

यस चर्चाले नेपाली बजारमा र भारतका सहरहरूमा पनि हिजोआज निकै महत्व पाउँदै आएको छ । २०५६ पुस ९ गते काठमाडौंबाट नयाँदिल्लीका लागि उडेको इन्डियन एयरलाइन्सको विमान अपहरण भई अमृतसर, लाहौरमा इन्धन भर्दै दुबई अफगानिस्तानको कन्धारमा पूरा एक हप्ता अपहरणकारीहरूको अधीनमा रहनाले दुई देशबीचको खुला सिमानाबारे बजारिया चर्चामा ओलिएको थियो । त्यसमाथि अपहरित यात्रुहरूमध्ये ८ जना नेपालीहरू हुनु र नेपाली नागरिक गजेन्द्रमान ताम्राकार अपहरणकारीहरूमध्ये एक रहेको मिथ्या अफवाह भारतले सरकारी तवरबाट समेत फैलाएपछि चर्चा गर्न झाँगियो । ताम्राकार अपहरणकारी होइन रहेछन् भन्ने कुरा बन्दी यात्रुहरू छुटकारा हुने बित्तिकै स्वतः स्पष्ट भई यसमा सुधारसम्म पनि नगरेकाले नेपाली जनमानस तातेको बेला खुला सिमानाको चर्चा रोकिएको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भारतीय सुरक्षाकर्मी अख्तियार गर्ने भारतीय प्रचारपछि खुला नियन्त्रित सीमा व्यवस्थाका बारे चर्चा परिचर्चा अझ फैलिएको छ ।

खुला या नियन्त्रित सिमाना भन्ने कुरा छिनोफानो गर्न दुवै देशको आवश्यकता, अनुकूलता र सदासयतामा भरपर्ने कुराहरू हुन् । नियन्त्रित सीमा पद्धतिको मनसायले नै होला भारतले नेपाललाई अक्सर फत्तुर लगाउने गरेको छ कि तेस्रो देशको मानिस अर्थात् पाकिस्तानी कास्मिरी पृथकतावादीहरू खुलेआम नेपालमा घुसपैठ गरिरहेका छन् र तिनै घुसपैठीहरू भारतीय भूमिमा गएर आतंकवादी गतिविधिहरू गरिरहेका छन । अर्को कुरा पाकिस्तान, अफगानीहरू न्पालको सिमानाभित्र लुकिछिपी बसेर भारत विरोधी तत्वहरूलाई उकास्ने काम गर्छन् । जसलाई नेपालले नियन्त्रण गर्न सकेको छैन भन्ने जस्ता धारणा भारतको रहेको बुझिन्छ ।

नेपाल पनि नियन्त्रित सीमा पद्धति अवलम्बन गर्न इच्छुक मनस्थितिमा नै देखिन्छ । इन्डियन एयरलाइन्सको विमान अपहरण घटनाका सम्बन्धमा गठित छानबिन समितिद्वारा २०५६ माघ १७ गते प्रस्तुत प्रतिवेदनमा यस्तै मनसाय झल्कन्छ । सो प्रतिवेदनमा, नेपाल भारतबीचको खुला सिमाना र दुवै मुलुकका नागरिकहरू बिना राहदानी निर्बाध रुपमा आवागमन गर्न सक्ने व्यवस्था भएको एवं दुवै देशका अपराधकर्मीहरू खुला सिमानाको दुरुपयोग गर्ने र भारतीय वेशभूषा, बोलीचाली तथा मुखाकृति मिल्ने आधारमा गैरभारतीय अपराधकर्मीहरूले पनि खुला सिमानाको प्रावधानलाई दुरुपयोग गर्ने सम्भावना छ भन्ने उल्लेख गरिएको छ । तर कसरी कुन प्रक्रियाद्वारा नियन्त्रित सीमाप्रथा कार्यान्वयन गर्ने भन्ने निचोडमा पुग्न सकेको देखिँदैन । नेपाल भारत सीमा व्यवस्थापनसम्बन्धी २०५६ माघ १८ देखि २१ सम्म काठमाडौंमा भएको तेस्रो संयुक्त बैठकमा पनि दुई देशबीच रहेको खुला सिमानालाई अवाञ्छित गतिविधिमा संलग्न व्यक्तिहरूले दुरुपयोग गरिरहेका कारण त्यसको नियन्त्रण गर्नुपर्छ । र दुई देशबीचको खुला सिमानालाई तेस्रो मुलुकका नागरिक वा कसैद्वारा पनि दुरुपयोग हुन दिनु हुँदैन भन्ने कुरामा दुवै देशका वार्ताकारहरू सहमत भए । तर कुन प्रक्रियाबाट सीमा क्षेत्रमा कडाइ गर्ने भन्नेबारेमा निष्कर्ष भने निक्लन सकेन । यद्यपि भारतीय पक्षबाट हवाईमार्गमा राहदानी पत्र र स्थलमार्गमा परिचयपत्रको व्यवस्था गरी सीमालाई कडाइ गर्नुपर्ने प्रस्ताव राखिएको थियो भने नेपाली पक्षबाट हवाईमार्गका सम्बन्धमा सकारात्मक धारणा राखे पनि स्थलमार्गमा सीमा क्षेत्रलाई नघेरिएसम्म परिचयपत्र लागू गर्ने कुरामा भने कठिनाइ उत्पन्न हुने धारणा अघि सारिएको थियो ।

खुला सिमानाको कारणले नेपालले अनेक दुःखकष्ट, अप्ठेरो भोग्नु परिरहेको छ थुप्रै लाञ्छनाहरू सहेर पचाएर बस्नु परिरहेको छ । भारतले पनि कतिपय कुराहरूमा कठिनाइ महसुस गरेकै छ । नेपाल तथा भारत दुवै देशलाई खुला सीमा प्रथाले आधुनिक सामाजिक एवं आर्थिक क्षेत्रमा नोक्सानी पुऱ्याएको छ । कुनै जमानामा दुवै देशका बीच खुला सिमाना पद्धति आवश्यक थियो तर जमाना धेरै अगाडि बढिसकेकाले र नेपालमा पनि धेरै पूर्वाधारहरूको निर्माण हुनुका साथै नेपालको सम्पर्क संसारका अन्य कतिपय मुलुकहरूसँग पनि खुलिसकेकाले नेपाल र भारतका बीचको परम्परिक सीमा प्रथालाई समयसापेक्ष पद्धति अनुकूल बनाउन आवश्यक रहेको छ । कुनै पद्धति र प्रथालाई समयानुकूल बदल्दै नलगेमा त्यसले अनेक विकृति जन्माउन पनि सक्छ । यस्तै दुई देशबीचको खुला सिमानाका कारणले कैयन समस्याहरू पैदा भएका छन्, तीमध्ये शान्तिसुरक्षा, अवैध हातहतियार, लागूपदार्थ ओसारपसार, सीमा अतिक्रमण र सीमा मिचिनु, विमान अपहरण, आतंकवादी कार्य, अपराधी क्रियाकलाप, चेलिबेटी बेचबिखन, तस्करी, चोरी व्यापार, वन विनाश, बसाइ सराइ, सांस्कृतिक अतिक्रमण, ऐतिहासिक तथ्यतामा असर, सीमा क्षेत्रमा भारतीय निर्माण आदि मुख्य छन् ।

## मालेले...

विश्व कम्युनिस्ट आन्दोलनमा दिएको देनबारे व्याख्या सुनाए । मन्तव्यको अधिकांश समय उनले लेनिनबारे नै चर्चा गरे । पेरिस कम्युनको पतनले निराश मजदुर आन्दोलनलाई लेनिनले रुसमा अक्टोबर क्रान्ति सम्पन्न गरी विश्वस्तरमा हौसला बुलन्द गराए । मार्क्सवादलाई पहिलो पटक रुसी भूमिमा सफल कार्यान्वयनमा ल्याएर लेनिनले मार्क्सप्रति समेत न्याय गरे । मार्क्स स्वयंले म मार्क्सवादी होइन समेत भनेका थिए । लेनिनले तत्कालीन रुसी निरंकुश जारशाही शासनलाई ढालेर रुसमा कम्युनिस्ट शासनको पहिलो सुरुवात गरेका थिए । रुसी क्रान्तिको सफलताले पूर्वी युरोपमा समेत सशक्त प्रभाव पाऱ्यो । फलस्वरुप थुप्रै युरोपेली देशहरूमा कम्युनिस्ट सत्ता स्थापना भए । लेनिन एक क्रान्तिकारी योद्धा मात्र थिएनन् उनी मार्क्सवादी चिन्तक र विश्व सर्वहारा वर्गका महान शिक्षक समेत हुन् । उनका थुप्रै संकलित रचनाहरू प्रकाशित छन् । ती रचनाहरू हरेक कम्युनिस्टले अध्ययन गर्न जरुरी छ' तिम्सिनाले भने । उनले लेनिनका संकलित रचनाहरूका विभिन्न भागहरूको छोटकरीमा चर्चा समेत गरे ।

माले स्थायी कमिटी सदस्य सुरेन्द्र ढकालले विश्व अर्थतन्त्रका विभिन्न मोडलबारे सविस्तार चर्चा गर्दै नेपालले कुनै पनि अर्थतन्त्रका मोडल अपनाउन नसकेकै कारण विश्वकै दरिद्र राष्ट्र बन्न पुगेको बताए । उनले अगाडि भने– 'मार्क्सवाद प्रतिपादन गर्ने क्रममा मार्क्सले पुँजीवादको गहिरो अध्ययनपछि ठहर गरे कि पुँजीवादी आर्थिक मोडलले हुने खाने र हुँदाखाने वर्गबीचको दूरी झन् बढाउँछ । त्यसलाई कम गर्ने उनले इजम प्रतिपादन गरे, जसलाई उनले दास क्यापिटलमा विषाद वर्णन गरे । त्यसलाई लेनिने रुसमा कार्यान्वयनमा ल्याए । तर त्यो १९९० सम्म आइपुग्दा छलफल असफल प्रमाणित भयो । रुसमा समाजवाद नै ढल्यो । सोभियत संघ विघटन हुन पुग्यो । पूर्वी युरोपका समाजवादी देशहरू पनि धराशायी भए । त्यसले स्टेट इकोनोमी अर्थात् राज्य नियन्त्रित अर्थव्यवस्था सफल हुँदोरहेनछ भन्ने देखायो ।

ढकालले चीन समृद्ध बन्नुमा उसले अपनाएको अर्थतन्त्रको मोडलले काम गरेको हो भन्ने निष्कर्ष दिँदै भने- चीनले समाजवाद पूर्ण रुपमा राज्य नियन्त्रित भएर मात्र चल्दो रहेनछ भन्ने बुझेर निजी क्षेत्रलाई समेत सहभागी गराएर आर्थिक उदारवादी मोडल अपनायो । चिनियाँ उदारवादी अर्थतन्त्र सुधारिएको मार्क्सवादका रुपमा विश्वसामु देखा पऱ्यो । यसका आर्टिटेक्स देङ स्यायो पिङ थिए । चीनले द्रुततर रुपमा आर्थिक समृद्धि हासिल गऱ्यो । प्रतिव्यक्ति आय १५६ डलरबाट अहिले १२ हजार डलर पुगेको छ । ४० खर्ब अमेरिकी डलर चिनियाँ केन्द्रीय बैंकमा सञ्चित छ । चीन अहिले विश्वकै सुपर पावर देश बनेको छ । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपणले सन २०५० सम्ममा चीन विश्वकै ठूलो अर्थतन्त्र बन्ने देखाएको छ ।

सबै कुरा राज्यको नियन्त्रणमा हुन्छ भन्ने मान्यता उत्तर कोरियाले राखेको छ । अमेरिका लगायत पश्चिमा पुँजीवादी मुलुकहरू र राष्ट्र संघको नाकाबन्दीका बाबजुद उत्तर कोरियाले लामो दूरी मार हान्ने क्षमताका ब्लास्टिक क्षेप्यास्त्र बनाएर अमेरिकालाई तर्साइरहेको छ । सामाजिक अर्थतन्त्रको मोडलले जर्मनले लोभलाग्दो आर्थिक तरक्की गरेको छ । फिनल्यान्ड, नर्वे, स्वीडेन जर्मनजस्ता देशहरूले बहुलवादभित्र सामाजिक बजार अर्थतन्त्रलाई सफलतापूर्वक कार्यान्वयन गरेका छन् । नेपालले कस्तो अर्थतन्त्रको मोडल अपनाउने अमेरिकाको जस्तो पुँजीवादी, चीनको जस्तो सामाजिक उदारवादी, जर्मनको जस्तो सामाजिक बजार अर्थतन्त्र वा उत्तर कोरियाको जस्तो राज्य नियन्त्रित ? हुँदा खाने र हुने खाने वर्गबीचको खाडल नेपालले पुर्न सकेको छैन । नेपालको आर्थिक नियति हाँस र कछुवा गतिमा छ । मार्क्सको नाम बेचेर खाने कम्युनिस्टहरू मात्र छन् । हामी माले उनीहरूभन्दा फरक छौं तर हामीलाई जनताले विश्वास गरेका छैनन् । भियतनाम क्युवाले आर्थिक विकास गर्दा नेपाल भन्ने संसारकै तन्नम राष्ट्रको पहिचानमा छ– ढकालले भने ।

माले महासचिव सीपी मैनालीले नेपाली कम्युनिस्ट आन्दोलनका उतारचढावबारे बोल्दै क्रान्तिका विभिन्न मोडलहरू प्रयोग भए पनि सफल हुन नसकेको बताए । पुष्पलालले नौलो जनवादी क्रान्ति त भने तर सशस्त्र किसान आन्दोलन सफल हुन नसक्ने देखियो । झापा आन्दोलन, माओवादी आन्दोलन असफल भए । चिनियाँ क्रान्तिको यो मोडलले नेपालमा क्रान्ति सफल हुन सकेन । शम्भुराम, तुलसीलाल, कृष्णराज बर्मा, विष्णुबहादुर मानन्धर, मनमोहन अधिकारी जस्ता कम्युनिस्ट अग्रजहरूले नेपाली कम्युनिस्ट आन्दोलनमा आआफ्ना प्रकारका देनहरू दिए । तर कसैले पनि क्रान्तिको नेतृत्व गरेर सफलता प्राप्त गर्न सकेनन् । उनीहरूका विशिष्ट वैचारिक योगदानको स्मरण भने गर्नैपर्छ । कम्युनिस्ट पार्टी स्थापनाको ७५ वर्ष पुग्दा पनि नेपाली कम्युनिस्ट आन्दोलनले आफ्नो मन्जिल चुम्न नसक्नु दुःखद रहेको बताए ।

स्थायी कमिटी सदस्य कृष्ण रानाको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा स्थायी कमिटी सदस्यहरू निलम केसी, कुमार वेल्वासे र सुरेन्द्र ढकालले मञ्चमा अतिथिको आसन ग्रहण गरेका थिए । माले महासचिव सीपी मैनाली मुख्य अतिथि रहेको प्रवचन कार्यक्रमको सञ्चालन वैकल्पिक पोलिटब्युरो सदस्य सिद्धि महर्जनले गरेका थिए ।

## अलपत्र...

संख्या बर्सेनि बढिरहे पनि सम्बन्धित निकायले सुधारमा चासो नदिएको प्रतिवेदनमा उल्लेख छ । ती ठेक्काको २ अर्ब ७५ करोड १२ लाख ९२ हजार रुपैयाँ पेस्की जमानत प्राप्ति तथा ७१ करोड ३८ लाख ११ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लगाई खरिद सम्झौताअनुसार कारबाही गर्दै निर्माण सम्पन्न गर्न प्रतिवेदनमा भनिएको छ । सडक विभागअन्तर्गत भएका आधा दर्जन ठेक्कामा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, ०७७ विपरीत बढी भुक्तानी गरिएको पाइएको पनि प्रतिवेदनले जनाएको छ । त्यस्ता ठेक्कामा १ करोड ४४ लाख ५१ हजार रुपैयाँ भुक्तानी गरिएको प्रतिवेदनले प्रस्ट्याएको छ ।

उदयपुरको त्रियुगा नदी पुल, हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहाको कमला नदी पुल, चितवनको ठिमुरा पुल, नुवाकोटको काल्फु खोला पुल, दूधकोशी नदीको रानीटार र साउनेमा निर्माणाधीन दुई पुलको ड्रइङ, डिजाइन, हाइड्रोलोजी, जियोलोजीको अध्ययन तथा विश्लेषणमा त्रुटि देखिएको छ । दूधकोशीका दुई पुलको निर्माण अधुरै रहेको पनि प्रतिवेदनमा उल्लेख छ । उदयपुरस्थित मदन भण्डारी राजमार्गमा निर्मित मौवासे, सरस्वती, करम्जे, दातु, थापर, थनाई, सुखानी, असारी खोला पुलको ड्रइङ, डिजाइनमा त्रुटि भई अग्ला पुल निर्माण गरेको देखिएको छ । यसले पुल र सडक निर्माण लागतसमेत बढेको प्रतिवेदनमा भनिएको छ ।

झापाको दमक दापगाछीमा निर्माणाधीन भ्यु टावर सञ्चालन कार्यविधि र त्यसबाट प्राप्त हुने प्रतिफलको सुनिश्चितताबारे अध्ययन नभएको पनि प्रतिवेदनले बताएको छ । माग तथा आवश्यकता पहिचानका आधारमा लगानीको प्रतिफल सुनिश्चित हुने गरी यस्ता आयोजना सञ्चालन गर्नुपर्नेमा त्यसो नगरिएको प्रतिवेदनमा उल्लेख छ । हवाई नीति, ०६३ को दफा ५ को उपदफा (७) १ अनुसार हिमाली र पहाडी क्षेत्रमा साधारणतया २० नटिकल माइल र तराई तथा भित्री मधेश क्षेत्रमा कम्तीमा ४० नटिकल माइल निकटस्थ विमानस्थलबाट प्रस्तावित विमानस्थलको दूरी कायम हुनुपर्छ । त्यसभन्दा कम दूरीका कमलबजार-साँफेबगर १३ नटिकल माइल, फाप्लु-काँगेलडाँडा ८ नटिकल माइल, मसिनेचौर-जुफाल ६ नटिकल माइललगायत ३९ स्थानमा विमानस्थल बनेका छन् ।

तीन अन्तर्राष्ट्रिय विमानस्थलसहित ५४ विमानस्थल रहेकामा २० विमानस्थल सञ्चालनमा छैनन् । विमानस्थलको वर्गीकरण गरी कतिपय विमानस्थललाई आकस्मिक अवतरण केन्द्रका रूपमा विकास गर्ने गरी मापदण्ड तयार गर्नुपर्ने र निर्माण सकिएका विमानस्थल सञ्चालनमा ल्याउनुपर्ने पनि प्रतिवेदनले जोड दिएको छ । कञ्चनपुर र कैलालीका केही भागमा सिँचाइ सुविधा पुऱ्याउन सिँचाइ प्रणाली निर्माणको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन गुरुयोजनाअनुसार काम नहुँदा तेस्रो महाकाली सिँचाइ आयोजनाको लागत २१३.३९ प्रतिशतले वृद्धि भएको महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएको छ ।

## भारतमा...

बताउने गरिएको छ । दन्तेवाडा जिल्लामा विद्रोहीको गतिविधिको अनुसन्धान गर्ने मिसनबाट फर्केका प्रहरी समूहको ज्यान गएको छ । बुधबारको मृत्यु सुरक्षा बलका लागि दुई वर्षयताकै सबैभन्दा ठूलो क्षति हो । छत्तीसगढका वरिष्ठ प्रहरी अधिकारी विवेकानन्दले भने, 'उनीहरू नियमित कामबाट फर्किंदै गर्दा उनीहरूको गाडीलाई लक्षित गरी विस्फोट भएको थियो ।'

एनडिटिभीमा प्रसारित एक फुटेजमा सुरक्षा बलले विस्फोटका कारण छरिएर रहेका सवारी साधनका पार्टपुर्जाको निरीक्षण गरिरहेको देखिएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्विटरमा लेखेका छन्, 'आक्रमणमा ज्यान गुमाएका वीर सैनिकप्रति म श्रद्धाञ्जली अर्पण गर्छु । तिनीहरूको बलिदान सधैं स्मरणीय रहनेछ ।'

छत्तीसगढका मुख्यमन्त्री भूपेश बघेलले पत्रकारसँग भने, 'यो आक्रमण 'अत्यन्त दुःखद' छ । उनले नक्सलवादीविरुद्ध लड्न दुई गुणा प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'यो लडाइँ अन्तिम चरणमा छ र हामी कुनै पनि नक्सलवादीलाई छोड्ने छैनौं र हामी नक्सलवादलाई सफाया गर्न उचित योजना बनाउनेछौं ।' अहिलेसम्म कुनै पनि विद्रोही समूहले आक्रमणको जिम्मेवारी लिएको छैन ।

## निर्माण

इजाजतपत्र नविकरण नगरेकाले सोही ऐनको दफा ७ को उपदफा ३ बमोजिम ती निर्माण व्यवसायीको इजाजतपत्रहरू स्वतः खारेज भएको जनाएको हो । यसअघि मन्त्रालयले आर्थिक वर्ष २०७९/८० का लागि २०७९ चैत मसान्तभित्र इजाजतपत्र नवीकरण गर्न निर्माण व्यवसायीहरूलाई आग्रह गरेको थियो । तर सो समय अवधिभित्र नवीकरण नगरेकाले इजाजतपत्र खारेज गरिएको मन्त्रालयले जनाएको छ । रासस

## विद्यालयमा...

दल र भातृ संगठनका कार्यक्रमहरू भएको प्रमाणसहित उजुरी प्राप्त भए पछि सो निर्देशन जारी गरिएको हो । 'कुनैपनि राजनीतिक दल र भातृ संस्थाका कार्यक्रम विद्यालयभित्र गर्न नदिन सूचित गरिन्छ,' महानगरद्वारा जारी निर्देशनमा भनिएको छ, 'अनुगमनका क्रममा यस्तो कार्यक्रम गरेको भेटिए वा प्रमाण पुगेको अवस्थामा प्रधानाध्यापकमाथि विभागीय कारबाही हुने ब्योहोरासमेत जानकारी गराइन्छ ।'

## हटाइँदै...

निरन्तर चल्छ ।"सशस्त्र प्रहरी, नेपाल प्रहरी, भारतको सीमा सुरक्षा बल (एसएसबी) र जनप्रतिनिधि लगायतको समन्वयमा संयुक्तरूपमा दशगजा खाली गर्ने काम थालिएको हो । दोधारा चाँदनीमा नेपाल-भारत अन्तर्राष्ट्रिय सीमाको दशगजा क्षेत्रमा लामो समयदेखि नेपाल र भारत दुवैतर्फ खेतीपाती गरिएको छ । "अहिले खेतीपाती भित्र्याएको अवस्थामा दशगजा खाली गर्न सजिलो भएको छ, दशगजा खाली नहुँदा बेलाबेलामा विवाद हुने गरेको छ", नगर प्रमुख लिम्बूले भन्नुभयो, "दशगजा क्षेत्र खाली हुँदा यो विवाद हट्नेछ ।"

उहाँका अनुसार पहिलो दिन दोधारा चाँदनी-३ बडुवाल टोलस्थित मुख्य सीमास्तम्भ आठ सयदेखि सहायक स्तम्भ नम्बर आठ/चारसम्मको क्षेत्र खाली गरिएको छ । उक्त कार्यमा सुरक्षाकर्मीसँगै नगरपालिकाका सर्भेक्षकसमेत खटिएका छन् ।

नियमित कार्यक्रमअन्तर्गत दशगजा खाली गराउने काम भइरहेको सशस्त्र प्रहरीका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक राजेन्द्र खड्काले बताउनुभयो ।

"दशगजामै घरटहरालगायत पक्की संरचना बनेको ठाउँमा खाली गराउन केही ढिलाइ भएको छ", उहाँले भन्नुभयो, "अन्य ठाउँमा दशगजा खाली गराउने काम निरन्तर चलिरहेको छ ।" उहाँका अनुसार सीमा क्षेत्रमा बोर्डर आउट पोष्ट (बिओपी) स्थापना भएदेखि नै एसएसबीसँग समन्वय गरेर दशगजा खाली गर्ने गरिएको छ । कञ्चनपुरमा एक सय २९ दशमलव पाँच किलोमिटर सीमा भारतसँग जोडिएको छ ।

## भारतले...

पत्रकारसँग कुरा गर्दै ओलीले भारतीय व्यवहारले नेपालीलाई हेपिएको अनुभूति भएको बताएका हुन् । 'भारतजस्तो विशाल छिमेकी मित्रराष्ट्रले विशाल छात्ती गर्नुपर्ने, त्यो नभए पनि मित्रवत् तथ्यपूर्ण र न्यायपूर्ण व्यवहार गर्नुपर्नेमा हेपाहा प्रवृत्ति गरेको देखियो,' ओलीले भने, 'म भारत सरकारसँग कुरा गर्छु । नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पशुपतिनगरस्थित नेपाल-भारत सीमा क्षेत्रमा भारतले हेपाहा प्रवृत्ति देखाएको बताएका छन् । मैले हेरेर गएपछि भारत सरकारले यो त्रुटि सच्याउनेछ भन्ने विश्वास छ। अविलम्ब सच्याउन भारत सरकारसँग आग्रह गर्छु ।' ओलीले भारतले ठूलो देश भएकै कारण सीमा विवादको कुरा नसुन्ने भन्ने नहुने बताए । 'सानोतिनो अर्घेल्याइँ गरेर भारतले कुनै ठूलो लाभ पनि प्राप्त गर्ने होइन। यो व्यवहारले नेपाललाई हेपिएको अनूभूति हुन्छ,' ओलीले भने, 'हेपिएको महसुस हुँदा कसैलाई राम्रो लाग्दैन। भारतले सुन्छ होला । यस सम्बन्धमा निष्कर्ष निकाल्ने गरी कुरा गर्छौं ।'

## स्वास्थ्यकर्मी...

सफाइकर्मी, नर्स, डाक्टरको मात्रै समस्या नभएर फाजिल र काजमा काम गर्ने स्वास्थ्यकर्मीले समेत नियमित तलब पाउन सकेका छैनन् । करार, फाजिल, काज गरी ४०० जनाले नियमित रुपमा तलब पाएका छैनन् ।

## रोकियो...

उपरीक्षक चक्र बहादुर सिंह पनि शुक्रबारबाट अवकाशमा जाँदै छन् । बढुवा समितिले १८ जना प्रहरी उपरीक्षकलाई वरिष्ठ उपरीक्षकमा बढुवा सिफारिस गर्न सक्छ । तर, कसलाई १ नम्बरमा बढुवा गर्ने भन्ने विवादका कारण बढुवा हुन नसकेको गृह मन्त्रालयका अधिकारीहरू बताउँछन् । २०७५ जेठ २९ मा एसपीमा बढुवा भएका अधिकृतहरू बिच एसएसपीमा बढुवा हुने प्रतिस्पर्धा छ । १ नम्बरमा बढुवा हुन प्रतिस्पर्धा भइरहेको गृह मन्त्रालयका एक जना उच्च अधिकृतले बताए । भूपेन्द्र बहादुर खत्री बढुवामा १ नम्बरमा आउन लागिपरेका छन् ।

उप-प्रधान एवं रक्षामन्त्री पुर्ण बहादुर खड्काले उनलाई एक नम्बरमा बढुवा गर्न दबाब दिएका छन् । एक नम्बरमा बढुवा हुने प्रतिस्पर्धामा विश्व अधिकारी र ओमप्रसाद अधिकारी छन् । भूपेन्द्र खत्री मेरिट लिस्टको १२ नम्बरमा छन् । विश्व अधिकारी मेरिट लिस्टको दुई नम्बर र चार नम्बरमा ओम अधिकारी छन् । अहिले बढुवा हुने मध्येबाट एक जना प्रहरी महानिरीक्षकको दाबेदार हुन्छन् । एसएसपी बढुवा समितिको अध्यक्ष गृह मन्त्रालयका सचिव हुन्छन् । प्रहरी महानिरीक्षक सदस्य र मानव श्रोत विकाश विभागका प्रहरी अतिरिक्त महानिरीक्षक बढुवा समितिमा सदस्य-सचिव हुन्छन् ।